# परिच्छेद –एक
# शोधपरिचय

## १.१ शोध शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक "कञ्चनपुर जिल्लाअन्तर्गत पुनर्वास क्षेत्रका राना थारू भाषामा प्रचलित उखानको सङ्कलन र अध्ययन" रहेको छ ।

## १.२ शोधप्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत स्नातकोत्तर तह नेपाली विषयको दशौँ पत्रको आवश्यकता परिपूर्तिको प्रयोजनका निम्ति प्रस्तुत गरिएको छ ।

## १.३ समस्याकथन

लोकसाहित्य मात्र होइन शिष्ट साहित्यलाई समृद्ध पार्नका लागि पनि उखानको महत्वपूर्ण भूमिका रहेको हुन्छ । भाषिक अभिव्यक्तिको छोटो छरितो सबै भाषाका उखानहरूमा रहेको पाइन्छ । राना थारू जातिको आफ्नै सम्पन्न भाषा छ । यो जातिको मूल बसोबास नेपालको सुदूरपश्चिमका दुईवटा जिल्लाहरू कैलाली र कञ्चनपुर हुन् । राना थारूभाषा समुदायले बोल्दा उखानहरूको प्रयोग प्रशस्त हुने गर्दछ । नेपाल रानाथारू समाजद्वारा प्रकाशित 'लखवारी' द्वैमासिक पत्रिका र अर्को 'रामराम' पत्रिकामा फाटफुट रुपमा केही उखानहरूक ज्ञानगुनका कुरा भनेर लेखिएका बाहेक र 'रानाथारूको लोक संस्कृति परिचय' नामक यज्ञराज यात्रीको खोजमूलक ग्रन्थबाहेक अन्य लोक साहित्यिक पुस्तकहरू प्रकाशित भएको भेटिँदैन । त्यसमा अझ उखानजस्तो विशिष्ट लोकसाहित्य विधामा रानाथारू भाषाका उखानहरूको छुट्टै अध्ययन भएको पाइँदैन । उक्त भाषमा रहेका अत्यन्त चोटिला उखानहरू बेलैमा सङ्कलन र अध्ययन विश्लेषण नभएर हराएर जाने सम्भावना प्रबल देखिन्छ । पुराना पुस्तामाथि नयाँ पुस्ताको प्रभाब बढ्दै गइरहेको हुँदा र नयाँ पुस्तामा अन्य संस्कृति भाषा साहित्यको प्रभाव बढ्न गएकोले यो समस्या उत्पन्न भएको छ । ग्रामीण भेगका कुनाकाप्चामा लोकजिब्रोमा गडेर रहेका राना थारू भाषाको उखानको अध्ययन यस पूर्व नपाइनु नै प्रस्तुत शोधपत्रको मूल समस्या रहेको छ । यिनै

कुराहरूलाई मध्यनजर गदै निम्न समस्यामा केन्द्रित रही प्रस्तुत अध्ययन सम्पन्न गरिएको छ ।

क) कञ्चनपुर जिल्लाको पुनर्वास क्षेत्रका रानाथारू भाषामा प्रचलित उखानहरूको संङ्कलन भएको पाँइदैन ।

ख) उक्त ाषाका उखानहरूको वर्गीकरण भएको पाँइदैन ।

ग) उक्त भाषाका उखानहरूको विश्लेषण भएको पाँइदैन ।

## १.४ अध्ययनको उद्देश्य

यस शोधपत्रको मुख्य उद्देश्य यस प्रकार रहेको छ ।

क) कञ्चनपुर जिल्ला पुनर्वास राना थारू भाषामा प्रचलित उखानहरूको सङ्कलन गर्नु ।

ख) सङ्कलित उखानहरूलाई सैद्धान्तिक रुपमा वर्गीकरण गर्नु ।

ग) सङ्कलित उखानहरूको सैद्धान्तिक विश्लेषण गर्नु ।

## १.५ पूर्वकार्यको समीक्षा

लोकसाहित्य लिखित साहित्यभन्दा जेठो विधा हो । यो मानव सभ्यताको प्रारम्भबाटै मौलाउँदै आएको विधा हो । लोकसाहित्यको अध्ययनको परम्परा धेरै पछिबाट मात्र हुन थालेको हो । नेपाली लोक साहित्यको अध्ययन पनि अझै पर्याप्त मात्रा हुन सकेको पाइँदैन । तथापि नेपाली लोकसाहित्यका विभिन्न विधाहरूको अध्ययन, सङ्कलन,वर्गीकरण र विश्लेषण विभिन्न विद्धानहरूद्वारा गरिएको पाइन्छ । सबै जातिमा आ-आफ्नै लोकसाहित्य रहने भए तापनि नेपालका राना थारू जातिको लोकसाहित्यिक विधिहरूको र त्यसमा पनि लोकोक्तिका रुपमा रहेको ‘उखान’ विधाको छुट्टै सङ्कलन,वर्गीकरण र विश्लेषण भएको भने पाइँदैन । समग्र ‘थारू’भाषाको अध्ययनका क्रममा रानाथारू भाषालाई पनि हेर्ने गरिएबाट आफ्नै छुट्टै सांस्कृतिक,भाषिक पहिचान रहेको रानाथारू प्रति नै अन्याय भएको ठहर्छ । ‘थारू’जाति भनेर गरिएको अध्ययनले खास गरी कैलाली कञ्चनपुरका राना थारूको सामान्य चर्चा भन्दा बेसी केही भएको पाँइदैन । नभएता पनि कञ्चनपुरको पुनर्वास क्षेत्रका राना थारू भाषामा प्रचलित उखानको बेग्लै संङ्कलन, वर्गीकरण र विश्लेषण भने भएकै छैन । थारू जातिका बारेमा विभिन्न विद्धानहरूका खोजमूलक कृतिहरू र राना थारूका

बारेमा लेखिएका प्रकाशित अप्रकाशित लेख-रचना, पत्र-पत्रिका र पुस्तक एवम् शोधकार्यलाई यस शोधपत्रको आधारका रुपमा सहयोग लिइएको छ ।

क) कृष्णप्रसाद पराजुलीले "नेपाली उखान र गाउँ खाने कथा"२०३९, (ने.रा.प्र. प्रतिष्ठान)मा नेपालका सबै क्षेत्रमा प्रचलित उखानलाई सङ्कलन गर्ने क्रममा उखानहरूको अध्ययन, वर्गीकरण र विश्लेषण गरेका छन् ।

ख) डा. मेदिनीप्रसाद शर्मा "थारूजाति एक अध्ययन "२०४४ (दोस्रो संस्करण- २०६४) मा राना थारू जातिको छोटो चर्चा गरेर समग्र थारू जातिको लोकसाहित्यको चर्चा गर्ने क्रममा संस्कृति, लोकनृत्य र राना थारूमा प्रचलित सखिया नृत्य एंव उखान-टुक्का आदि प्रचलनमा रहेको भन्ने चर्चा गरेका छन् ।

ग) "नेपाली लोकसाहित्यको विविचना", २०४१ मा धर्मराज थापा र हंशपुरे सुबेदीले रानाथारू जातिको अध्ययन, विश्लेषण गर्न सकेका छैनन् ।

घ) जीवेन्द्रदेव गिरी "लोकसाहित्यको अवलोकन"२०५०मा पश्चिमी तराइका थारू उखानहरू एक अध्ययन भन्ने शीर्षकमा थारू उखानको चर्चासमेत गरेका छैनन् ।

ङ) चूडामणि बन्धु, "नेपाली लोकसाहित्य", २०५८ मा लोकसाहित्यको विस्तृत अध्ययन भएको भएतापनि रानाथारूमा प्रचलित छुट्टै चर्चा नभएको पाइन्छ ।

च) एकनारायण पोखरेल,"पुर्नर्वास क्षेत्र कञ्चनपुरका राना थारूहरूको ऐतिहासिक।सामाजिक,धार्मिक,सांस्कृतिक तथा आर्थिक चिनारी एक अध्ययन"नामक अप्रकाशित शोध पत्र (२०६२)मा रानाथारू भाषाको उद्भवबारे सङ्क्षिप्त चर्चा भएता पनि लोकसाहित्यको कुनै चर्चा गरिएको छैन ।

छ) यज्ञराज यात्री, "रानाथारू लोकसंस्कृति परिचय" नामक पुस्तकमा रानाथारूका सांस्कृतिक पर्वहरू, भेशभूषा, सामाजिक, धार्मिक,अवस्थाबारे छोटकरी चर्चा गरेका भएता पनि लोकसाहित्यका बारेमा कतै उल्लेख गरेका छैनन्

ज) 'लखवारी' वर्ष १ अंक १.२०६६ नेपाल राना थारू समाज धनगढी कैलालीद्वारा प्रकाशित द्वैमासिक पत्रिका (जुन रानाथारू भाषामा प्रकाशित हुन्छ) मा ज्ञान गुनकी बात भनेर केही उखानहरू सङ्कलन गरिएको पाइन्छ । त्यस्तै 'रामराम' रानाथारू भाषामा प्रकाशित पत्रिकामा पनि रानाथारू भाषाका उखानहरूको सङ्कलन भएको पाइँदैन । उपर्युक्त पुस्तक पत्रपत्रिका लेख रचनाहरूमा राना थारूका बारेमा छिटपुट रुपमा चर्चा गरेता पनि कञ्चनपुर, पुनर्वास क्षेत्रका रानाथारू भाषामा प्रचलित उखानहरूका बारेमा

कसैले गहिरिएर चासो राखेको र अध्ययन गर्न खोजेको देखिँदैन । त्यसैले,यस शोधपत्रमा रानाथारू भाषामा प्रचलित उखानहरूको सङ्कलन गरी अध्ययन विश्लेषण गरिएको छ ।

## १.६ अध्ययनको औचित्य र महत्व

नेपालको सुदूरपश्चिम क्षेत्रका कैलाली र कञ्चनपुर केही सहरी एवं अधिकांश ग्रामिण इलाकामा छरिएर रहेको राना थारू भाषा निश्चित रुपमा अन्य थारू भाषाभन्दा भिन्न छ । यस भाषाको आफ्नै मौलिक लोकसाहित्य, कला र संस्कृति रहेको छ । यस भाषामा प्रचलित उखान (कहनियाँ)का बारेमा अझै सम्म पनि कतैबाट कुनैप्रकारको चासो राखी खोजअनुसन्धान नभएको परिप्रेक्ष्यमा ती उखानहरूको अध्ययन सङ्कलन गरी वर्गीकरण एवं विश्लेषण गर्नु यस शोधपत्रको औचित्य रहेको छ ।

सबै नेपालीलाई एकताबद्ध बनाउन,एक अर्का भाषा र ती भाषाभित्रका गूढ रहस्यलाई जानकारी गराउन उखानले पनि महत्वपूर्ण भूमिका खेलेको हुन्छ । उखानको अध्ययनले भाषाका भाषिक विशेषताहरू पहिचान गर्न सकिन्छ । जातिका रहनसहन, बानीव्यवहारहरू थाहा पाउन सकिन्छ । उखानहरू खँदिला, सारगर्भित हुनाका साथै विभिन्न समयका अनुभवद्धारा घनिभूत हुने भएकाले व्यवहारिक जीवनमा मागदिर्शक पनि हुन्छन् । तसर्थ उखानले हाम्रो ज्ञानको क्षितिजलाई फराकिलो बनाउन मद्दत गरेको हुन्छ ।

कुराकानीका सन्दर्भमा प्रासङ्गिक ढङ्गले आउने उखानहरू अन्य भाषाको चपेटामा पर्दा लोप हुने डर रहने हुँदा रानाथारू भाषाका उखानहरूमा पनि यो खतरा छैन भन्न सकिदैन । रानाथारू जातिमा युवा पिँढीमा आफ्नो लोक साहित्य र खास गरी उखानहरूको प्रयोग एवं महत्वबारे खासै चासो नदेखिएकाले त्यसतर्फ चासो जगाउनु अपरिहार्य छ । तसर्थ रानाथारू भाषाका उखानहरू प्रकाशमा ल्याई संरक्षण र संम्वर्द्धन गर्न विशेष अध्ययन गर्नु नै यस शोधपत्रको औचित्य रहेको छ ।

बुँदागत रुपमा यस शोधपत्रको महत्वलाई यसरी देखाउन सकिन्छ ।

१. रानाथारू भाषाका उखानहरूको अध्ययन संकलनगरी लोप हुने खतराप्रति सजगता अपनाउन ।
२. उखानको महत्व बुझाउन ।
३. युवापिंढमिा उखानको प्रयोग प्रति मोह जगाउँदै आफ्नो लोकसाहित्य प्रति आकर्षण बढाउन ।

४. रानाथारू भाषाको लोकसाहित्यको संरक्षण र सम्वर्द्धनमा टेवा पुऱ्याउन ।

५. रानाथारू भाषाको खोज अनुसन्धान गर्नेहरूका लागि केही मात्रामा भए पनि सहयोगी सामाग्री प्रदान गरी मद्दत पुऱ्याउन ।

## १.७ शोधकार्यको सीमाङ्कन

थारू जातिको बसोबास नेपालको तराई क्षेत्रको पूर्वमा झापादेखि लिएर पश्चिममा कञ्चनपुरसम्म फैलिएको छ । समग्र थारू जातिमा पनि लोकसाहित्य, लोकसंस्कृतिमा विभिन्नता रहेको पाइन्छ । यस शोधपत्रमा थारूको विभिन्न जाति मध्येको केवल नेपालको कैलाली र कञ्चनपुरमा बसोबास गर्दै आएका आफूलाई नेपालको आदिबासी भन्ने रानाथारू भाषामा प्रचलित उखानहरूको अध्ययन गरिएको छ । ठूलो क्षेत्रमा फैलिएका रानाथारूको निश्चित सिमाङ्कन नगरी अध्ययन गर्नु ज्यादै जटिल हुने भएकाले कञ्चनपुर जिल्लाअन्तर्गत पुनर्वास क्षेत्रमा बोलिने राना थारू भाषामा प्रचलित उखानहरूमा मात्र सीमित रही सङ्कलन गरी अध्ययन गरिएको छ ।

## १.८ सामाग्री सङ्कलन र शोधविधि

यस शोधपत्र तयार गर्नका लागि आवश्यक सामाग्री सङ्कलनका क्रममा प्रचलित विधिहरूको नै अवलम्वन गरिएको छ । कञ्चनपुर पुनर्वास क्षेत्र अन्तर्गतका चार गा.वि.स.हरूमा रहेका रानाथारू बस्ती घुमेर त्यहाँ प्रचलित उखानहरू भन्न लगाई लेख्ने कार्य भएको छ । सम्बन्धित वयस्क महिला पुरुष बृद्धवृद्धा, पढेलेखेका जानिफकार व्यक्तिहरूसंग भेटी सोधखोज गरिएको छ । उखानका स्थापित मान्यता र सैद्धान्तिक अध्ययनका लागि पुस्तकालयीय विधिको प्रयोग गर्दै वर्णन, व्याख्या एवं विश्लेषण गरिएको छ ।

## १.९ शोधपत्रको रुपरेखा

यस शोधपत्रलाई निम्नलिखित मूलशीर्षकमा राखी प्रस्तुत गरिएको छ :

परिच्छेद एक : शोधपरिचय

परिच्छेद दुई : कञ्चनपुर जिल्ला पुनर्वास क्षेत्रको चिनारी तथा रानाथारूको सङ्क्षिप्त परिचय

परिच्छेद तीन : उखानको सैद्धान्तिक परिचय

परिच्छेद चार : पुनर्वास क्षेत्रका रानाथारू भाषामा प्रचलित उखानको सङ्कलन, वर्गीकरण र विश्लेषण

परिच्छेद पाँच : उपसंहार

परिशिष्ट

सन्दर्भग्रन्थसूची

# परिच्छेद : दुई

# कञ्चनपुर जिल्लाको पुनर्वास क्षेत्रको चिनारी तथा रानाथारूको सङ्क्षिप्त परिचय

## २.१ कञ्चनपुर जिल्लाको परिचय

### २.१.१ ऐतिहासिक परिचय

नेपालको सुदूरपश्चिमाञ्चल विकास क्षेत्रअन्तर्गत पर्ने कञ्चनपुर जिल्ला पहिले नोपलको वाइसे-चौविसे राज्य रहेका वखत डोटी राज्यको सीमा क्षेत्रमा पर्दथ्यो । त्यसवेला सम्म यस जिल्लाको नामाकरण भइसकेको थिएन । मल्ली माल र तल्ली मालको नामबाट चिनिने यस जिल्लाको क्षेत्रपनि कैलाली जिल्लाकै क्षेत्रभित्र समावेश रहेको थियो (जिल्ला पार्श्वाचित्र, कञ्चनपुर जि.वि.स. कञ्चनपुर २०६५ पृ.१) । सन् १८१४ देखि १८१५ सम्म भएको नेपाल अंङ्ग्रेज युद्धपछि सन् १८१६ मा गरिएको सुगौली सन्धिबाट नेपालले तराई क्षेत्रको ठूलो भुभाग गुमाएको थियो । उक्त सन्धिको धारा ३ 'क'अनुसार काली र राप्ती नदी बीच पर्ने तराईको सम्पूर्ण भूभाग नेपालले ब्रिटिस इन्डियालाई छोडनुपर्ने भएकाले कञ्चनपुर पनि सन १८६० सम्म अंङ्ग्रेज अधीनस्थ थियो । (ऐजन्, पृष्ठ १)

सन् १८५७ को भारतमा भएको सैनिक विद्रोहमा जंग बहादुरले गरेको सहयोगबाट प्रसन्न भै पुरस्कृत गर्ने हेतुले सन् १८६० नोभेम्बर १ मा दुवै पक्षबीच एक तीन सूत्रीय प्रत्यावर्तन सन्धिमा हस्ताक्षर भयो । सोही सन्धिमा व्यवस्था भएअनुरुप धारा ३ अनुसार अंग्रेज सरकारको अधीनमा रहेका बाँके, बर्दिया, कैलाली, कञ्चनपुर तराई भूभाग नयाँ मुलुकका रुपमा पुनः नेपालमा गाभिन पुगे । यसपछि मात्र यी जिल्लाहरू कैलाली र कञ्चनपुर छुट्टाछुट्टै जिल्ला बनेका हुन् । कञ्चनपुर नयाँ जिल्लाको रुपमा स्थापित भएपछि सर्वप्रथम यसको सदरमुकाम श्रीपुर गा.वि.स. को बेलारी बजारमा रहेको र सोही बजारका नजिकैको बञ्ज नामक गाँउबाट कञ्चनपुर जिल्लाको नामाकरण भएको इतिहासका अध्येताहरूको भनाइ पाइन्छ ।

२०१९ सालपछि कञ्चनपुरको सदरमुकाम महेन्द्रनगर (हालको भीमदत्त नगरमा सरेको देखिन्छ) (जिल्ला पार्श्वचित्र, कञ्चनपुर २०६५, पृ.१.)

### २.१.२ भौगोलिक परिचय

कञ्चनपुर जिल्ला सुदूरपश्चिमाञ्चल विकास क्षेत्रअन्तर्गत पर्ने तराईका दुई जिल्लाहरूमध्येको पश्चिमी जिल्ला हो । यो जिल्ला सुदूरपश्चिमका पहाडी जिल्लहरूका

लागि खाद्यान्न आपूर्ति गर्ने भण्डारका रुपमा रहेको छ । यसको पूर्वमा कैलाली जिल्ला, उत्तरमा डडेल्धुरा जिल्ला र पश्चिम तथा दक्षिणमा भारतको उत्तर प्रदेश र उत्तराञ्चल राज्यहरू पर्दछन् । यो जिल्ला २८ डिग्री ३२ 'उत्तरदेखि २९ डिग्री ८' उत्तरी अक्षांश र ८०डिग्री३ पूर्वदेखि ८० डिग्री ३३ पूर्वी देशान्तरसम्म फैलिएको छ । भूतलीय उचाइका हिसाबले दक्षिणमा समुद्र सतहबाट १६० मी (पराशन गा.वि.स.) र उत्तरमा १५२८ मी (झलारी गा.वि.स. ) सम्मको उचाइमा अवस्थित छ । जिल्लाको औसत लम्बाइ ४४ कि.मी. पूर्व-पसश्चिम र ३४ कि.मी उत्तर-दक्षिण रहेको छ

भौगोलिक विभाजनको आधारमा यस जिल्लालाई चुरे भूभाग, भावरको भूभाग र तराई मैदान गरी ३ भागमा बाँडिएको छ । जलवायुको दृष्टिकोणले चुरे पर्वत श्रृङ्खलावाहेक अन्यक्षेत्रमा उष्ण तथा उपोष्ण खालको हावापानी पाइन्छ । तापक्रम औसत अधिकतम ४३डिग्री सेल्सियस र न्यूनतम ३ डिग्री सेल्सियस रहेको छ । वार्षिक वर्षा औषत १७७१.५ मि.लि. रेकर्ड गरिएको छ । जलवायुका प्रचूर मात्रामा अद्रिता पाइन्छ जुन सरदर ७१.१६ % रहेको छ ।

यस जिल्लाको जम्मा क्षेत्रफल १,६१,७४१ हेक्टर रहेको छ जसमध्ये ५९,५३२(३७%) हेक्टर खेतीयोग्य ८८,२००(५५%) वनजङ्गल र खोलानालाले तथा १४००९ हे.(८%) अन्य रहेको छ । वनस्रोत ८८२०० हे.मध्ये ३०५०० हे. आरक्ष क्षेत्र रहेको छ । महाकाली, चौधर,दोधा र मोहना यहाँका प्रमुख नदी हुन् ।

आरक्ष क्षेत्रभित्र अवस्थित रानीताल यहाँको प्रमुख ताल हो । यसबाहेक बेतकोट ताल, झिलमिली ताल,बन्दा ताल आदि तालहरू पर्यटकीय दृष्टिले पनि महत्वका रहेका छन् ।

### **२.१.३ राजनीतिक एवं प्रशासनिक विभाजन :**

राजनीतिक विभाजनका आधारमा जिल्लालाई चार निर्वाचन क्षेत्र.१ नगरपालिका र १९ वटा गा.वि.स. मा बाँडिएको छ । जि.वि.स. ११ वटा क्षेत्रीय इलाकाहरू रहेका छन् । प्रशासनिक दृष्टिले सदरमुकाम टाढा रहेका गा.वि.स. झलारी र पुनर्वासमा एक /एक ओटा इलाका प्रशासन कार्यालय को स्थापना गरी प्रशासनिक काजमा छिटोछरितो र सरलता अपनाएको पाइन्छ ।

**जिल्लाको राजनीतिक एवं प्रशासनिक विभाजन**

**तालिका नं. १**

| निर्वाचन क्षेत्र | ग.वि.स. ⁄ न.पा. | इलाका नं. | |
|---|---|---|---|
| १ | रौतेली विचवा,बेलडाँडी, रामपुर विलासीपुर, श्रीपुर, लक्ष्मीपुर, त्रिभुवनबस्ती, पराशन | १ | कृष्णपुर,रैकबारबिचवा |
| | | २ | वाइसेबिचवा,बालिका,लक्ष्मीपुर |
| | | ३ | त्रिभुवनबस्ती, पराशन |
| | | ४ | बेलडाँडी, रामपुर बिलासीपुर |
| २ | कृष्णपुर, रैकबारबिचवा, बाईसेबिचवा,कालिका,देखतभुली, शंकरपुर,झलारी | ५ | रौतेलीविचवा,पिपलाडी |
| | | ६ | श्रीपुर,शंकरपुर,देखतभुली |
| ३ | पिपलाडी,दैजी,सुडा भीमदत्त न.पा. वडा नं. १,२,३,१५,१८,१९ | ७ | दोधरा, चाँदनी |
| | | ८ | भीमदत्त न.पा.२,४,५,६, ७,८,९,१०,११ |
| | | ९ | भीमदत्त न.पा. वडा १२ देखि १९ |
| ४ | दोधरा, चाँदनी, भीमदत्त न.पा. वडा.नं. ४ देखि १४,१६,१७ | १० | सुडा,भीमदत्त न.पा. वडा १ र ३ |
| | | ११ | दैजी, झलारी |

स्रोत : जिल्ला पार्श्वचित्र २०६५ कञ्चनपुर

## २.२ पुनर्वास क्षेत्रको परिचय

'पुन' : र 'आवास' शब्दको योगबाट पुनर्वास शब्द बनेको छ, जसको अर्थ हुन्छ पुनः बसोबास गराउने काम वा पुनः बसोबास गराइएको क्षेत्र वा ठाउँ । तत्कालीन सरकारले प्राकृतिक प्रकोपद्वारा विस्थापित भएका पहाडी क्षेत्रका परिवारहरूलाई सुरक्षित ठाउँमा वसोवास गराउने उद्देश्यले २०२४ साल देखि नेपाल पुनर्वास कम्पनि को स्थापना गरी देशका विभिन्न तराई जिल्लाका भारतसँग सीमा जोडिएका क्षेत्रहरूमा बसोबास गराउँदै आएको थियो । यसै क्रममा कञ्चनपुरमा पनि पुनर्वास योजना लागू भई २०२८ सालदेखि बस्ती बसाल्ने कार्यक्रम शुरु भएको हो । तसर्थ यस क्षेत्रलाई पुनर्वास क्षेत्र भनिएको हो । पुनर्वास कार्यक्रमका दुईवटा उद्देश्य देखिन्छन् । एउटा विस्थापितहरूलाई सुरक्षित क्षेत्रमा

वसोवास गराउनु र अर्को दक्षिणी सीमानालाई सुरक्षित राख्नु वा भारतीय सीमा अतिक्रमणबाट जोगाउनु ।

पुनर्वास क्षेत्र कञ्चनपुर दक्षिण भेगमा अवस्थित छ । यस क्षेत्र अन्तर्गत जिल्लाका ४ वटा गा.वि.स. हरू पराशन, त्रिभुवनबस्ती, कालिका र वाइसेबिचवा पर्दछन् । शुरुमा यो क्षेत्र पराशन गाउँ पञ्चायतबाट चिनिन्थ्यो । २०३५ सालमा स्थानीय निर्वाचन भएपछि र ती सबै गा.वि.स. मा बसोबास भएपछि माथिका विभिन्न गा.वि.स. विभाजित भएको हो ।

यस क्षेत्रमा २०२८ सालदेखि विभिन्न समयमा क्रमश : राष्ट्रिय विभूतिका नामबाट बीसवटा बस्तीहरू जस्तै : पृथ्वीवस्ती, सीतावस्ती, त्रिभुवनवस्ती, बुद्धबस्ती रामबस्ती, अरनिकोबस्ती, मोतिबस्ती, अशुवर्मावस्ती आदि बस्तीहरू बसालिएका छन् । पूर्व मेचीदेखी पश्चिम महाकालीका पहाडी जिल्लाहरूको सबैजसो जातजातिका मानिसहरू यहाँ बस्दै आएका छन् । त्यसैले यस क्षेत्रलाई "चारवर्ण छत्तीस जातको साझा फूलबारी हो " भन्दा अत्युक्ति नहोला । सबै जातजाति र धर्म सम्प्रदायको संगमस्थल भएका कारण यहाँको जीवनशैली मिश्रित किसिमको छ ।

यो पुनर्वास क्षेत्र चारवटा गा.वि.स. का छेउछाउमा पहिलेदेखि नै आदिवासीका रुपमा रानाथारूहरू बसोबास गर्दै आएका थिए । उनीहरू प्राय : नदी किनारका समथर फाँटमा बस्दथे । नदीको अनियमित बहावका कारण रानाथारूका वस्तीहरू बाढीको जोखिममा पर्न थाले । खेतीपातीमा पनि कमी आउन थाल्यो । पुर्नवास कम्पनिले यी रानाथारूहरूलाई पहाडीहरूका वस्ती नजिकै चारचार कट्ठाका दरले प्रतिपरिवार जमीन उपलब्ध गराई बस्ती बसाल्ने काम गऱ्यो । अहिले यी रानाथारूका बस्तीहरू चारवटै गा.वि.स.का केही अग्लाठाउँहरू (बाढीको प्रकोपबाट मुक्त) मा रहेका छन् ।

पुनर्वास गराउने जिम्मा लिएको नेपाल पुनर्वास कम्पनीको संस्थागत स्थापना भै झण्डै १८ महिनासम्म पुनर्वासीहरू लाई रासन वितरण, विउबिजन, कृषिऔजार, मलखाद तथा परामर्श सेवा समेत उपलब्ध गराइएको थियो ।

## २.३ रानाथारू जातिको परिचय

नेपाल बहुजातीय र बहुभाषिक मुलुक हो । यिनै विविध जातजातिका भाषा र संस्कृति मिलेर सिङ्गो नेपाली संस्कृतिको निर्माण भएको छ । यसैले नेपाल संस्कृतिमा धनी मुलुक हो भन्ने गरिन्छ । नेपाली संस्कृति निर्माणमा थारू जातिको पनि महत्वपूर्ण भूमिका रहेको छ ।

थारूजाति नेपालको तराईका कञ्चनपुर कैलाली, बर्दिया, बाँके, दाङ, कपिलवस्तु, रुपन्देही, नवलपरासी, चितवन, पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तरी धनुषा, सिरहा, सप्तरी, सुनसरी, मोरङ् र भ्कापा जिल्लाहरूमा छरिएर बसेका छन् । यिनीहरू ५० भन्दा बढी थरीका छन् । थारूहरूको अनुमानित जनसंख्या ४० लाख भनिएको छ । थारूहरूका मूलरुपमा छ वटा जाति (स्थान विशेष र जात ) रहेको पाइन्छ । जो निम्ननुसार छन् ।

| **थारू जाति** | | **वसोवास क्षेत्र** |
|---|---|---|
| १. राना थारू | : | कञ्चनपुर, कैलाली, (राना भाषा ) |
| २. डंगौरिया | : | कञ्चनपुर, कैलाली, बर्दिया, बाँके, दाङ, कपिलवस्तु (डंगौरा, भाषा) |
| ३. कठरिया | : | कैठरिया, (कठिरिया भाषा) |
| ४. चितौनिया | : | चितवन, नवलपरासी (चितौनियाँ भाषा) |
| ५. कोचिला | : | महोत्तरी, सप्तरी मोरङ, भ्कापा (मैथिली भाषा) |
| ६. लम्पुच्छवा | : | वारा, पर्सा, रौतहट, सिराहा, धनुषा (भोजपुरिया भाषा) |

हालसम्मका अध्ययन, अनुसन्धानमा माथिका सबै थारू जातिलाई समग्रतामा गर्ने पाइएको छ । तर यहाँ राना थारूको छुट्टै अध्ययन गर्न खोजिएको छ ।

उपर्युक्त वर्गीकरण अनुसार नेपालको कैलाली र कञ्चनपुर जिल्लामा प्राचीन कालदेखि आदिवासीको रुपमा बसोबास गर्दै आएको जाति रानाथारू हो । एकाघ रानाथारू यी जिल्लाबाहेक रोजगारी शिक्षा, वैवाहिक सम्बन्धका कारण काठमाडौ, नेपालगन्ज, पोखरा, विराटनगर जस्ता शहरमा बसोबास गरेको भएता पनि मूलरुपमा यिनीहरू कैलाली कञ्चनपुरका हधिकांश ग्रामिण क्षेत्रमा वसोवास गरी बस्दछन् । लगभग सवा लाख जनसङ्ख्या (कैलाली कञ्चनपुरमा मात्र) राना थारूको रहेको छ । (नारदमुनि राना, रामराम मासिक पृष्ठ ९)

ई.सन.१५०० देखि १६०० को बिचमा अकबर बादशाह र चितौरगढका राजा महाराजा प्रतापको बिच युद्ध भएको बेलामा केही बाह्न राणा त्यस क्षेत्रबाट भागी हाल भारतको उत्तराञ्चल प्रदेश उदमसिंह नगरजिल्ला अन्तर्गत खटिमा क्षेत्रको पशि्चमी भेगमा बसोबास गर्न थाले । त्यस क्षेत्रलाई बाह्नमण गाँउ भनियो । जीविकोपार्जन गर्न गाह्रो भएकाले यी मध्ये केही नेपालको कैलाली र कञ्चनपुरमा आई बस्न थाले । यिनीहरूका अनुसार जंगले घेरिएको ठाउँलाई 'थार' भनिन्थ्यो । बाह्न राणाहरू नै सबैभन्दा पहिले सो क्षेत्रमा बसोबास

गरेका थिए /यही बेलाबाट नै 'राणा'बाट 'राना' र 'थार' बाट थारू भएकोले यिनीहरूलाई पछि गएर राना थारू भनियो । (कार्यपत्र : २०६२) रानाथारू सम्प्रदायबाट प्राप्त मत र मान्यताका आधारमा रानाथारूहरूको नेपाल आगमन भारतको चितौरगढ बाट नै भएको पाइन्छ । नेपालको सुदूर पश्चिमाञ्चलमा बसोबास गरी बस्ने रानाथारूको नेपाल आगमन र विकासक्रमको इतिहास दाङ देउखुरीका चौधरी थारू र पूर्वेली थारूहरूको भन्दा पृथक देखिन्छ । रानाथारूहरूले आफ्नो विषयमा जुन किसिमको ऐतिहासिक दावी गरेका छन् त्यो अहिलेको अबस्थाको उनीहरूको बसोबास क्षेत्र संस्कारको आधारमा धेरै हदसम्म मिल्दो जुल्दो रहेको छ । कैलाली कञ्चनपुरमा  बसोबास गर्ने राना थारूहरू नेपालको केलाली पूर्वका तराई क्षेत्रमा कतै पनि भेटिदैनन् । अन्य थारूहरूको आपसमा धेरै कुराहरू रीतिरिवाज, रहनसहन, संस्कार मिल्दो जुल्दो छ । जुन रानाथारूहरूमा बिल्कुलै भिन्न छ । यसरी हेर्दा रानाथारूहरूको अस्तित्व अन्य थारूहरूसंग सम्बन्धित नभई स्वतन्त्र किसिमको रहेको छ ।

सबै दृष्टिकोणले पिछडिएको अल्पसङख्यक जातिमध्येको रानाथारूलाई एक आदिम जातिका रुपमा लिन सकिन्छ । यो सगोत्र विवाह प्रथा भएको जाति हो जसको आफ्नै सांस्कृतिक एवं मनोवैज्ञानिक पद्दति छ । आर्थिक स्तर न्यून छ जसले गर्दा भोक, रोग, अशिक्षा र सामाजिक गतिशीलताबाट पछि परेको यो जाति नेपालको जनजाति समूहमा पर्दछ ।

नेपालका जनजातिको सूचीभित्र छुट्टै प्रतिनिधित्व हुनुपर्ने माग राख्दै आएको रानाथारू राज्यबाट पहिचानका लागि संघर्षरत छ । आदिकालदेखि बसोबास गर्दै आएको यस क्षेत्रको सबैभन्दा जेठो आदिवासी रानाथारू हो । यिनीहरूको चालचलन, संस्कार खसआर्यसंग मिल्दोजुल्दो र शारीरिक बनोट मंगोलजस्तो देखिन्छ ।

यो जाति परिश्रमी र सरल स्वभावको हुन्छ । यिनीहरूको सभ्यताको विकास नदी किनारबाट भएको पाइन्छ । पौडी खेल्न र माछा मार्न यो जाति निपुण मानिन्थ्यो । मूलत : कृषि व्यवसायमा आधारित रानाथारू जातिको खेति गर्ने पविधि परम्परागत नै रहेको छ । पशुपालनमा गाई, गोरु, भैसी, राँगा, भेडाबाखा, वङ्गुर, सुंगुर, आदि पाल्दछन् । हिन्दू सम्प्रदायको भएता पनि हिन्दू संस्कारसंग यिनीहरूका संस्कार प्राय : मिल्दैनन् । पलागु, माघी, तिज, र अन्य मौलिक पर्वहरू मान्दछन् । दशै तिहार मान्दैनन् ।

गैर थारूसँग मतलव नराख्ने रानाथारूको निर्णय प्रक्रिया एकोहोरो किसिमको हुन्छ। घरमा पुरुषको भन्दा महिलाको प्राधान्यता रहेको हुन्छ। पारिवारिक कार्य विभाजन र नेतृत्व अति राम्रो हुन्छ। आफ्नो मौलिकतालाई जोगाउनु र परिवर्तित परिस्थितिलाई आत्मसात गर्नु यिनीहरूका लागि ठूलो चुनौती बन्न पुगेको छ । यिनीहरू अहिले सङ्क्रमणकालीन अवस्थामा रहेका छन्।

रानाथारूहरूको उत्पत्तिका यो भनाइ पाइन्छ । "चितौर (राजपुताना) मुसलमानहरूकको आक्रमण भएपछि राजपुतहरूले बाह्रौ शताब्दीतिर घरका आइमाइहरूलाई सुरक्षको निम्ति उत्तर पहाडतिरका जङ्गलमा पठाए । ती आइमाइहरूले धेरै प्रतिक्षाको अन्तरमा पनि लोग्नेहरू नफर्केकाले त्यहाँका नै निम्न जातिका र आफूसँग आएका नोकरचाकरहरूलाई नै लोग्नेका रुपमा वरण गरे। यिनका संयोगका सन्तान नै थारू भए। त्यसो हुनाले थरुनीहरूको प्रभाव घरमा बढ्ता छ र अझै थारूहरू स्वास्नीलाई रानी भन्दछन्। तर थारूहरूमा आइमाईको यस किसिमको प्रभुत्व अब केबल रानाथारूहरूमा मात्रै छ। (इश्वर बराल, थारू जाति र तिनको संस्कृति) नेपाल संस्कृतिक परिषद पत्रिका, १/१(वैशाख २००४वि.स.) पृ.४३, डोर ब. विष्ट, पिपुल अफ नेपाल चौथो संस्करण ( काठमाडौं: रत्न पुस्तक भण्डार,१९८० इ.सं.) पृ. ११९ )

रानाथारूहरूको बसोबास पश्चिम तराई क्षेत्रमा मात्र सीमित भएकोले यिनीहरूको आगमन नेपालको पश्चिमद्धारबाट नै भएको हुनुपर्छ । हाल यिनीहरूको चालचलन र संस्कार राजपुतनाको संस्कार संग मिल्ने भएकोले पनि यिनीहरू चितौरमाथि भएको मुसल मानी आक्रमण पलायन भई नेपाल राजपुत मणीका सन्तान हुन भन्न बलियो आधार रहेको छ । रानाथारूहरूमा महिलाको प्रभुत्व अलि बढी हुनु दुलाहाको पहिरन राजपुतना संस्कारसंग मिल्दो जुल्दो भएकोले पनि यिनीहरू चितौरबाट नेपाल प्रवेश गरेका हुन भन्ने तथ्यलाई नकार्न सकिदैन। ( एक नारायण पोखरेल, अप्रकाशित शोधपत्र २०६२, पुनर्वास क्षेत्रका कञ्चनपुरका राना थारूहरूको ऐतिहासिक एक अध्ययन )

## २.४ रानाथारू जातिको बसोबास क्षेत्र

नेपालको पूर्व मेचीदेखि पश्चिम महाकालीका तराईका मलिला फाँटमा आवादी गरेर थारूहरू बसेका छन् । दाङको भित्री मधेशमा पनि थारूहरूको बसोबास छ । तर रानाथारूको मूल वसोवास कैलाली र कञ्चनपर जिल्लाका न.पा. तथा गा.वि.स.हरूमा मात्र रहेको पाइन्छ । कञ्चनपुर जिल्लाका गा.वि.स. र भिमदत्त न.पा. तथा कैलालीका पहाडी गा.वि.स.बाहेक तराईमा पर्ने सबै गा.वि.स. एवं धनगढी न.पा. मा यस जातिको बसोबास पाइन्छ । यस अध्ययन क्षेत्रअन्तर्गत कञ्चनपुर जिल्लाका ४ वटा गा.वि.स. ( जो पुनर्वास क्षेत्रअन्तर्गत पर्दछन् । ) पराशन त्रिभुवनवस्ती, कालिका र बाइसे विचवा रहेका छन् । यी गा.वि.स. हरूमा रानाथारूहरूको घरसंख्या, परिवार संख्या तथा जम्मा जनसंख्या विवरण यस प्रकार छ ।

तालिका नं. २

| क्र.सं. | गा.वि.स. | घर संख्या | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|---|
| १ | बाइसे विचवा | ४१६ | २,२२५ | २,२२१ | ४,४४६ |
| २ | कालिका | १९५ | ९९२ | ९३८ | १९३० |
| ३ | पराशन | १९२ | १,०७० | १,०३५ | २१०५ |
| ४ | त्रिभुवनवस्ती | १४८ | ६३९ | ६१३ | १२५२ |
| | जम्मा | ९५१ | ४,९२६ | ४,८०७ | ९,७३३ |

स्रोत- ग्रामिण निर्धन सशक्तीकरण समाज २०६०

यस अध्ययन क्षेत्रअन्तर्गत गा.वि.स. अनुसार कुलजनसंख्याको विवरण

तालिका नं. ३

| क्र.सं. | गा.वि.स. | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १ | पराशन | ६,७३८ | ६,७८५ | १३,५३२ |
| २ | कालिका | ६,५२४ | ६,४७८ | १३,००२ |
| ३ | त्रिभुवनवस्ती | ६,२१५ | ६,२९२ | १२,५०७ |
| ४ | बाइसे बिचवा | ५८०० | ५,६९० | ११,४९० |
| | जम्मा | २५,२७७ | २५,२४५ | ५०,५२२ |

स्रोत : जिल्ल पार्श्वचित्र २०६५ कञ्चनपुर

कञ्चनपुर जिल्लाको घर तथा कुल जनसङ्ख्या

तालिका नं. ४

| घरसंख्या | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| ९०,१५८ | १,९१,९१० | १,८५९८९ | ३,७७,८९९ |

स्रोत : जिल्ला पार्श्वचित्र,२०६५,कञ्चनपुर

माथिको तथ्याङ्क अनुसार चारवटा गा.वि.स.मध्ये रानाथारूको सबैभन्दा घरपरिवार तथा जनसङ्ख्या वाइसे विचवा र सबे भन्दा कम जनसङ्ख्या त्रिभुवनवस्तीमा रहेको देखिन्छ । बाइसेविचवा गा.वि.स.मा ४१६ घरधुरीमा महिलाहरूको सङ्ख्या २,२२१ र पुरुषहरूको सङ्ख्या २,२२५ गरी जम्मा ४,४४६ छ भने त्रिभुवनवस्ती गा.वि.स. मा १४८ घरधुरीमा महिला ६१३ र पुरुष ६३९ गरी जम्मा १,२५२ जनसङ्ख्या रहेको छ । यसै गरी पराशन गा.वि.स. को १९२ घरधुरीमा महिला १०३५ र पुरुष १०७० गरी जम्म २१०५ जनसङ्ख्या रहेको छ । कालिका गा.वि.स.मा १९५ घरधुरीमा महिला ९३८ र पुरुष ९९२ गरी जम्मा १९३० रहेको छ । प्रत्येक गा.वि.स.हरूमा महिलाको भन्दा पुरुषको सङ्ख्या बढी रहेको छ । चारवटा गा.वि.स. मा गरी रानाथारूहरूको घरसङ्ख्या ९५१ रहेको छ । यसमध्ये पुरुष ४,७३३ रहेको छ । तालिका ३ अनुसारपराशन गा.वि.स. को कुल जनसङ्ख्या १३५२३ मध्ये २,१०५ (१५.५७% ), त्रिभुवनवस्ती गा.वि.स. को १२५०७ मध्ये १२५२ ( १०%) कालिका गा.वि.स. को १३००२ मध्ये १९३०( १४.८४%) र बाइसे बिचवा गा.वि.स.को ११४९० मध्ये ४,४४६(३८.७%) रानाथारूहरूको जनसङ्ख्या रहेको छ । यसरी हेर्दा कुल जनसङ्ख्यामा सबैभन्दा बढी बाइसे सवचवा ३८.७% र सबै भन्दा कम त्रिभुवन वस्ती१०.०१% रानाथारूहरूको जनसङ्ख्या रहेको छ । शाखा तथ्याङ्क कार्यालय कञ्चनपुरको कञ्चनपुर जिल्लाका थारू जातिको सर्वेक्षण, २०६६ तथ्याङ्कीय प्रतिवेदन अनुसार जिल्लामा थारू जातिको जनसङ्ख्यिक विवरण यस प्रकार रहेको छ :

अनुमानित घरपरिवार सङ्ख्या : १६,०८३

अनुमानित कुल जनसङ्ख्या : १,०६,९५१

अनुमानित पुरुषको सङ्ख्या : ५२,९१३

अनुमानित महिलाको सङ्ख्या : ५४०३८

प्रति १०० महिलामा पुरुषको सङ्ख्या : ९८

बार्षिक जनसङ्ख्या बृद्धिदर : २.४२

प्रतिपरिवार सदस्य सङ्ख्या : ६.६५

## २.५ सामाजिक अवस्था

मानिस सामाजिक प्राणी हो । आफ्ना अनन्त चाहना र आवश्यकता एक्लै पूरा गर्न सक्दैन । यसका लागि उसलाई अन्य व्यक्तिको सहयोग आबश्यक पर्छ । त्यसै विभिन्न व्यक्तिहरूका बिच अन्तरसम्बन्ध स्थापित हुन्छ । विभिन्न व्यक्तिहरू बीच अन्तर्निर्भता र अन्तरक्रियाको माध्यमबाट बन्ने एक आपसको पारस्पारिक सम्बन्ध नै समाज हो । ( शर्मा कमलराज : २०५छ पृ १२६ )

समाजमा रहेका हरेक समुदायको धर्म, संस्कृति रीतिरिवाज, परम्परा चालचलन सामाजिक पक्षसित पर्दछन् । राना थारूको जिवन शैली आफ्नै किसिमको छ । यिनीहरूको सामाजिक जीवनशैलीलाई निम्नानुसार संक्षेपमा उल्लेख गरिएको छ ।

### २.५.१ घर

रानाथारूहरूका घर अन्यका तुलनामा आफ्नै किसिमका हुन्छन् । यिनीहरूका घर बाहिरबाट हेर्दा एकतले जस्तै लाग्ने प्राय : दुई तले नै हुन्छन् । माथिल्लो तला होचो र तल्लो तला अग्लो हुन्छ । स्थितिअनुसार घर छाउन टायल, झिंगरी र खरको प्रयोग गर्छन । अन्नपात राख्ने काम माथिल्लो तलामा र मानिस बस्ने, सुत्ने र खाना पकाउने काम तल्लो तलामा गरिन्छ । प्राय जसो ३५-४५ फिट लम्बाई र २२-२५ फिट चौडाइका घर बनाउँछन् । परिवारका आधारमा साना ठूला हुन्छन् ।

घरको भित्री कोठामा खाना पकाउने ठाउँ हुन्छ जसलाई यिनीहरूको भाषामा 'रुसैया' भनिन्छ । रुसैयामा महिलाहरू मत्र जान्छन् । सुत्नलाई प्रायजसो चारपाइ (खटिया) को प्रयोग गर्छन । अतिथिलाई बसाल्दा दरी विछ्याएर खटियामा राखछन् ।घर अगाडि भगवानको रुपमा देवता थापना गरिएको हुन्छ । घरमा पालीको सट्टा बरण्डा राखिएको हुन्छ जसलाई 'मोहटा'वाडहरी भनिन्छ । आजभोलि आधुनिकीकरणको प्रभावले घरको स्वरुपमा पनि परिवर्तन आउन थालेको पाइन्छ । (अन्तरवार्ता दूस्लेराम राना, शिक्षक पराशन )

### २.५.२ परिवार

रानाथारूमा शुरुदेखि नै संयुक्त परिवार प्रथा रहेको छ र केही अपवाद छोडी अहिलेसम्म पनि त्यो कायमै छ । संयुक्त परिवारमा वाह्य आक्रमण (चोर,डाँका)बाट डर कम हुने र सुरक्षित भइने हुनाले उनीहरूमा छुट्टिने चलन अहिलेसम्म पनि एकदमै कम छ । एउटा परिवारमा कम्तिमा १०/१२ देखि बढी ६०-७०जनासम्म बस्छन् । ठूलो परिवार भएता पनि पूर्वाग्रह,डाहा,ईर्ष्या हुँदैन । अत्यन्त सौहार्दताका साथ कार्यविभाजन हुन्छ । पालो लगाउने, कामको जिम्मेवारी अनुसार काम गर्ने परिपाटी हुन्छ । खाना पकाउने काममा बुहारी, खेतीपाती वस्तुभाउ सम्बन्धी छोटा, भतिजाहरू र घर कुर्ने, बच्चाको रेखदेख गर्ने बुढाबुढीलाई जिम्मा हुन्छ । खाना पकाउने काम कान्छी  बुहारीको हुन्छ । घरको मूलीलाई 'अगुवा'वा 'मालिक' भनिन्छ । व्यवस्थित परिवारिक प्रथामा अन्य समुदायको सम्पर्कले आजभोलि केही परिवर्तन देखिन थालेको छ ।

### २.५.३ वंश, गोत्र तथा थर

रानाथारूहरूको वंशको बारेमा विभिन्न  विद्धानहरूमा मत बाझेको पाइन्छ । रानाथारूहरू आफूलाई महाराजा प्रतापको वंशज भन्ने गर्छन । आफ्नो गोत्र कश्यप भएको बताउँछन् । कश्यप ऋषिका दुई पत्नी मध्ये एउटीबाट दानव र अर्कीबाट मानव जन्मेका र तिनै मध्ये आफूहरू मानव भएको भनाइ यिनीहरूको छ । नेपालका थारूहरूमा जनकलाल शर्माका अनुसार ४७ भएको जानकारी पाइन्छ । जसमध्ये एउटा थर राना हो । शर्मा,२०४४ पृ.११)

महाराणा प्रतापका सन्तान भएकाले राना थर रहेको र यस भित्र राउत, खिप्टा, बट्टा, बडायक र महतो जस्ता आफ्नै कबिला समूह भित्रका थरहरू छन् । यिनीहरू आफूलाई सगोत्रीय र एवंशीय भन्दछन् । सगोत्रीय विवाह प्रथा रहेको छ । (अन्तर्वाता : दुलेराम राना, वर्ष ५९)

### २.५.४ भाषा

नेपालको पूर्वमेचीदेखि पश्चिम महाकालीसम्म बसोबास गर्ने थारूहरूमा भाषिक एकरुपता पाइदैन । त्यसमा पनि रानाथारू हरूको भाषा अन्य थारूको तलनामा भिन्न छ । कैलाली र कञ्चनपुरका रानाथारूहरूको भाषा बज वा खडी प्रभावित छ । यस क्षेत्रमा

बसोबास गर्ने हरूको भाषिक लवज आफ्नै किसिमको भएतापनि हिन्दी,अवधी, भोजपरी र मैथली भाषाको प्रभाव परेको देखिन्छ । ( पोखरेल,एकनारायण, अप्रकाशित शोधपत्र २०६२ पृ.३०)

### २.५.५ सामाजिक नेतृत्व

रानाथारू समुदायभित्र गाउँको मुख्य मान्छेलाई 'पधना' भनिन्छ । पधनाको सहायक एकजना 'भलमन्सा' हुन्छ । यिनीहरूको सहयोगीका रुपमा एक जना 'चाकर'हुन्छ । विशेष गरी भलभन्सा रहने चलन अझै कायमै छ । पोत उठाउने कुद्दा मिलाउने गाँउको कतो निर्माण गर्ने, भलभन्साको र पहाडी क्षेत्रका जस्तो कट्टवालको भूमिका 'चाकर' ले निभाउनु पर्छ । ( ऐ.पृष्ठ ३५)

## २.६ आर्थिक अवस्था

रानाथारूको परम्परागत पेशा कृषि हो । यस बाहेक खासै अन्य जातीय पेशा भएको पाइदैन । यो पेशा नै यिनीहरूको आय आर्जनको मूल स्रोत र जीविकाको माध्यम हो । खेतीपाती पशुपालन र फुर्सदमा माछा मार्ने काम मुख्य रुपमा भएता पनि हाल आएर व्यापार व्यवसाय नोकरी तथा वैदेशिक रोजगार तर्फ पनि केही मात्रामा फड्को मारेको देखिन्छ । कृषि व्यावसायको  आधुनिकीकरण तर्फ पनि यो जाति केही मात्रामा भएपनि उन्मुख देखिन्छ ।

यो जातिमा केही परम्परागत सीपहरू रहेका छन् । जस्तै पंखा, ढकिया, छाप्री बनाउने, कुखुराको खोर, धान, गहुँ राख्ने डेरी, आकर्षक चुल्लो, काठमा वुट्टा कुँदने आफ्नो लागि पोशाक तयार गर्ने सिलाइ कटाइ (हाते) र यस्तै अन्य /तर यतिका सीप भएर पनि व्यवसायीकरण हुन सकेको पाइन्न । पुनर्वास क्षेत्रका चार गा.वि.स. मा हाल आएर तरकारी खेती तर्फ व्यवसायिक ढंगले यो जाति अगाडि आइ रहेको पाइन्छ ।

समग्रमा यो क्षेत्रका रानाथारू एकाघ छोडेर आर्थिक रुपले पछाडि नै देखिन्छन् ।

## २.७ धार्मिक अवस्था

राना थारूहरूका  सम्पूर्ण रीतिरिवाज, पर्व तथा चालचलनहरू हिन्दू संस्कृतिमा आधारित छ । हिन्दू धर्म अन्तर्गत पौराणिक कथाहरूमा आधारित चाडपर्वहरू मान्छन् ।

रामायण, महाभारत, सुखसागर, प्रेमसागर, देवी भागवत जस्ता ग्रन्थहरू घरमै बसेर वाचन गर्छन् ।

त्यसैले यिनीहरूको धर्म मुख्य धर्म हिन्दू हो । तर,यस पुनर्वास क्षेत्रमा आजभोलि इशाइ धर्मतर्फ पनि विस्तारै संक्रमण बढी रहेको देखिन्छ । यिनीहरूका बसोबास क्षेत्र नजिकै इशाइ धर्म मान्हिरू प्रशस्त छन् । यही प्रभावले रानाथारूमा इशाइतर्फ पलायन हुने क्रम यतिखेर बढिरहेको  छ । यसको प्रभाव यो जातिको लोक संस्कृतिमा प्रत्यक्ष रुपले पर्ने देखिन्छ । यिनीहरूमा पितृपूजा(घडा) गर्ने चलन छ । मृतकको सम्झनामा एकपटक श्राद्ध गर्ने चलनलार्य घडा गर्ने भन्छन् । यिनीहरूमा कूल पूजाको चलन छ । यसलाई अषाढी पूजा भन्दछन् । 'बायुपूजा' को चलन पनि यस जातिमा रहेको पाइन्छ । यस क्षेत्रका रानाथारूहरूमा तीर्थव्रतको चलन प्रशस्त पाइन्छ । सबै उमेरका मानिसहरू चाडपर्वमा 'व्रत' वस्दछन् । विशेष गरी पूर्णगिरी माताको ( भारत टनकपुर) दर्शन वेहडाबाबा ( कैलाली) भकुण्डा ( कञ्चनपुर) दर्शन र मेला धुमधामसँग गर्छन् । यसबाहेक भारतका प्रशिद्ध तीर्थस्थलहरू हरिद्धार, गया, काशी, गंगोत्री, मथुरा आदि ठाउमा तीर्थ गर्न जाने चलन रहेको पाइन्छ । आज भोलि काठमाडौ पशुपति र मनकामना मन्दिर पनि जाने क्रम बढेको छ ।

यिनीहरूमा हिन्दु संस्कृतिमा आधारित थुप्रै चाडपर्व मान्ने चलन रहेको पाइन्छ । चराई, गंगादशहरा, तीज, नागपञ्चमी, दिनइतवार,कृष्णाष्टमी, दशैं, दिवारी, माघी, होरी, दियालो आदि जस्ता आफ्नै किसिमका पर्वहरू रहेका छन् । यी पर्वहरू मान्ने तरिका अन्य जाति भन्दा फरक पाइन्छ ।

चन्द्रमासका आधारमा तिथि मान्दछन् । आइतबार र विहीवारलार्य शुभ दिन मानिन्छ । यिनीहरूमा प्रशस्त सामाजिक विश्वासहरू रहेका हुन्छन् । मूल्यमान्यताहरू पनि आफ्नै किसिमका छन् ।

## २.८ शैक्षिक अवस्था

रानाथारू जाति अन्य जातिका तुलनामा यस क्षेत्रमा शैक्षिक रूपले पछाडि परेको जाति हो । आजभोलि छोराछोरी दुवै विद्यालय पठाउने गर्छन । सामान्य साक्षर भएपछि विद्यालय छाड्ने प्रवित्ति अझै पनि छ । उच्च शिक्षामा अत्यन्त न्यून पहुँच रहेको देखिन्छ ।

यसैले राज्यका विभिन्न निकायमा रानाथारूहरूका कर्मचारी पनि पाइदैनन् । शिक्षा आर्जन गरेर जीविको पार्जन गर्नेहरू यस क्षेत्रमा औलाले गन्न सकिन्छ ।

## २.९ लोकसाहित्यिक स्थिति

लोकसाहित्यमा यो जाति धनी छ । यो जातिहरूमा आफ्नै किसिमका लोकगीत, लोककथा, लोकनाटक र लोकोक्ति भएको पाइन्छ । खोजअनुसन्धानको कमीले ती सुरक्षित हुन सकेका छैनन् । वातैपिच्छे उखानको प्रयोग पाइन्छ । वृद्धिविनोद गर्ने किसिमले गाउखाने कथाहरू पनि रहेका छन् । तर नयाँ पुस्तामा अन्य जातीय संस्कृतिको प्रभावले त्यतापट्टि त्यति झुकाव पाइदैन । अहिले आएर नगन्य रुपले यो जातिको लोक साहित्यको संरक्षण प्रति केही चासो बढ्न थालेको आभास हुन्छ । तरपनि संस्थागत वा व्यक्तिःगत प्रयासहरू अझै बढ्नु आवश्यक देखिन्छ ।

# परिच्छेद : तीन
# उखानको सैद्धान्तिक परिचय

## ३.१ उखानको परिचय

उखान लोकसाहित्यको लोकोक्तिअन्तर्गत पर्ने प्रचलित विधा हो । लोकसाहित्यका अन्य सुविधाहरू लोककथा लोकगीत, लोकनाट्यझैं, लोकोक्ति पनि सशक्त एवम् मौलिक विधाका रुपमा चिनिन्छ । लोकोक्ति भित्र उखान,टुक्का र गाउँखाने कथा सुक्ति आदि पर्दछन् । लोकोक्तिका विविध भेदहरूमध्ये उखानले नेपाली भाषिकमाझै नेपालका अन्य भाषाहरूमा पनि छुट्टै पहिचान र अस्तित्व लिएर महत्वपूर्ण स्थान ओगटेको छ । लोकजीवनमा व्यवहारिक अनुभवबाट खारिएर निस्केका सूत्रात्मक, ज्ञानवर्द्धक र सारगर्भित कथन नै उखान हुन् । लोक साहित्यका अन्य विधाका तुलनामा आकारको दृष्टिले उखान अत्यन्त छोटा हुन्छन् । लोकजीवनमा मौखिक परम्पराबाट हुर्केका पुस्ता-दर पुस्ता हस्तान्तरित हँदै आएको विधा हो उखान । लोकजीवनमा आउने सामाजिक राजनैतिक, शैक्षिक प्रगति र परिवर्तन सँगै नयाँ नयाँ अनुभूतिबाट उखानहरू निर्माण हुन्छन् । तिनमा ऐतिहासिक, सामाजिक सांस्कृतिक, आर्थिक आदि विविध पक्षको यथार्थ चित्र झल्केको हुन्छ । त्यसैले उखान कुनै न कुनै लोक अनुभवलाई बोक्ने तथा लोकमान्यता र लोकविश्वासलाई सुत्रबद्ध ढंगबाट प्रस्तुत गर्ने चमत्कारपूर्ण अभिव्यक्ति हो

संस्कृत उपाख्यान बाट परिवर्तन भएर बनेको 'उखान'शब्द संस्कृतमा 'सुभाषित' र 'लोकोक्ति' तथा अंग्रेजीमा (proverb) प्रोभर्व भनिन्छ । गिरी, जीवेन्द्रदेव लोक साहित्यको अवलोकन,२०५६(पृ.२९) ।

नेपाली भाषामा उखानलाई बुभाउने पर्यायवाची शब्दका रुपमा आहान, भनाइ, कथन, कहावत, किससा, उक्ति, चुटकिला, लोकोक्ति जस्ता शब्दहरू प्रचलित भएपनि आम नेपाली जनजिब्रोमा उखानले नै स्थान लिएको छ । लोकसाहित्यको 'लोकोक्ति' विधामित्र उखान, टुक्का, गाउँ खाने कथा जस्ता छरिता र गहकिला अभिरुव्यक्ति पर्दछन । लोकसाहित्यका विद्धानहरू मध्ये केहीले लोकोक्तिलाई उखानमा मात्र सीमित तुल्यााएका छन् तर केहीले उपर्युक्त तीनवटै भेदलाई यसभित्र गणना गरेका छन् । लोकोक्तिका हरेक भेदरो अलग-अलग आस्तित्व र पहिचान छ । गिरी २०५७ (पृ.२८-२९)

उखानको परिचयलाई नेपाली उखानमा प्रतिविम्वित स्थानविम्ब एक अध्ययन( २०५७) शिर्षकको अप्रकाशित लघु अनुसन्धान प्रतिवेदनमा शिव प्रसाद पौड्यालले निम्न सात बुँदामा सूत्रबहद गरी प्रस्तुत गरेका छन् ।

१. भाषाका मौलिक सम्पति,

२. लोक अनुभवले खरिएका सारगार्मित सूक्ति,

३. श्रुतिपरम्परामा जीवित

४. दृष्टान्तका रुपमा प्रयोग हुने वाक्यस्तरका सूत्रात्मक

५. अभिधार्थ,लक्ष्यार्थ र व्यञ्जनार्थ तीनै अर्थको प्रधानता रहे तापनि मूलतः व्यञ्जनार्थमा प्रयोग हुने,

६. लोक अनुभूतिका विविध पक्ष पोखिने र मानवसमाजका सामाजिक, धार्मिक, ऐतिहासिक, आर्थिक, अन्ध विशवास,जाति  आदिको यथार्थ चित्रण,

७. संरचनात्मक दृष्टिले प्रश्नमूलक, तुकबन्दी (अनुप्रासयुक्त) लयात्मक आदि रुपमा । ( पौड्याल : २०५७:५-६)

संसारका अनेक स्थान, भाषा, जाति र व्यक्तिका साथै सम्पूर्ण मानव- समाजका पुस्ता दरपुस्ताका अनुभवका निधार तिनमा थिग्रिएका हुन्छन् । त्यसैले तिनका उपयोगितालाई महत्वका साथ हेरिन्छ । यति हुँदा हँदै पनि कतिपय उखान अन्धविश्वास रुढी र परम्परागत अवैज्ञानिक चिन्तनबाट ग्रस्त हुने कुरा तिर सचेत दृष्टि लगाउनै पर्छ । (गिरी : २०५७ पृ.२९ )

## ३.२ उखानको प्रयोजन

उखान के का लागि प्रयोग गरिन्छ वा उखानले लोकजीवनलाई दिने कुरा के हो भन्ने नै यसको प्रयोजन हो । उखानको प्रयोजनका बारेमा झमकप्रसाद शर्माले नेपाली अंग्रेजी उखान कोशमा २५ वटा बुँदामा प्रकाश पारेका छन् । उखानको प्रयोजनलाई यसका व्यावहारिक उपादेयताका आधारमा निम्ननुसार उल्लेख गर्न सकिन्छ ।

– उखानलाई लोक व्यवहारमा घटनाको रुपमा प्रयोग गरिने हुँदा यो घटनाको एक माध्यम हो ।

– जीवन जगतको अनुभूतिको सम्प्रेषणको माध्यको रुपमा प्रयोग हुन्छ ।

- अभिव्यक्तिलाई सशक्त प्रभावकारी एर्व खँदिलो बनाउने माध्यमका रुपमा प्रयोग हुन्छ ।

- सामाजिक नीतिशास्त्रको माध्यमको रुपमा प्रयोग हुन्छ ।
- लोकजीवनको प्रतिविम्ब प्रकटीकरण गर्ने माध्यमको रुपमा प्रयोग हुन्छ ।
- मानव जीवनका तीतामीठा अनुभवबाट आर्जित सारपूर्ण तथ्यलाई प्रकट गर्ने माध्यमको रुपमा प्रयोग हुन्छ ।
- मानव सभ्यताको झलक प्रस्तुत गर्ने माध्यमको रुपमा प्रस्तुत हुन्छ ।
- सामाजिक रहनसहन, मूल्यमान्यता र विश्वास, दृष्टिकोण, धारणा र छवि प्रस्तुत गर्दछ ।
- भाषालाई सिंगारेर प्रभावकारी ओजस्वी र तीक्षण बनाँउन ।
- बौद्धिक खुराकी तथा मानसिक मनोरञ्जन प्रदान गर्दछ ।
- स्रोताको बुद्धि तिखार्न सहयोग गर्दछ ।
- नैतिक सन्देश दिन सहायक सिद्ध हुन्छ ।
- भाषामा अन्तर्निहित झर्रोपन र यसको निजात्मक वैशिष्टय प्रतिबिम्बित गर्छ ।
- साङ्केतिक भाव अभिव्यक्ति गर्ने माध्यमको रुपमा प्रयोग हुन्छ ।
- चेतना फैलाउन सहयोगी हुन्छ ।
- व्यवहारिक ज्ञान प्रदान गर्छ ।
- समाजसुधार गर्न सहयोगी हुन्छ ।
- मानिसलाई दुराचार प्रति वितृष्णा र सदाचारप्रति प्रेरित गर्न सहयोगी हुन्छ ।
- थोरै शव्दमा व्यापक सन्देश प्रदान गर्छ ।
- जीवनजगतका सत्य र यथार्थताको प्रकटीकरण हुन्छ ।
- सामाजिक न्यायको सन्देश प्रदान गर्छ ।
- मानवीय कमजोरी र विसंगतिको पर्दाफास गर्दै सुधारको सन्देश प्रवाह गर्छ ।
- सामाजिक जिवनको इतिहास, संस्कृति तथा समकालीन समाज को प्रतिबिम्ब धारणा गर्ने माध्यमको रुपमा प्रयोग हुन्छ ।
- मानिसको भौतिक गतिविधि एवं नैसर्गिक संवेदनात्मक अभिव्यक्तिःको रुपमा प्रयोग हुन्छ ।

(शर्मा २०५७: पृ: २-३)

## ३.३ उखानका परिभाषा

संसारका सबै भाषामा उखानको प्रयोग हुन्छ । उखानको प्रयोग नहुने कुनै भाषा र देश छैनन् । उखानका बारेमा संसारका धेरै विद्धानहरूले आ-आफ्ना विचारहरू राख्दै आएका छन् । यहाँ विदेशी र स्वदेशी विद्धानका परिभाषालाई अलग अलग प्रस्तुत गरिएको छ ।

विदेशी विद्धानका परिभाषा

- "तत्वज्ञानको भग्नावशेषबाट खोजेर फेला परेका र जोगाएर राखिएको अमूल्य टुक्रा उखान हो " अरस्तु
- "उखान व्यावहारिक  जीवनमा मार्गदर्शक उक्ति हो ।" फिस्ते
- "जनताबाट हमेशा प्रयोग भइरहने संक्षिप्त उत्तिः नै उखान हो ।" जानसन
- "सवैसाधरण जनताद्धारा आफ्नै भाषामा थोरै शब्दमा सर्वमान्य यथार्थलाई प्रकट गरिएको लोकप्रचलित कथन नै उखान हो । " वोरकोर्ट
- "उखानमा एकको सुझमा अनेकको बौद्धिक चातुर्य समाहित हुन्छ । " - रसेल
- "उखान मानवीय ज्ञानका तिखा र च्वास्स विभन्ने सूत्र हुन"- डा.वासुदेवशरण अग्रवाल
- "उखान अनुभवसिद्ध ज्ञानका निधि हुन् । " डा. कृष्णदेव उपाध्याय
- "उखान प्राचीनतम पुस्तकभन्दा पनि प्राचीन तथा वैविध्यपूर्ण हुन्छन् । समाजमा सबै वर्गका व्यक्ति तिनबाट हरसमय लाभ उठाउन सक्छन् । " - हरिवंश राय शर्मा

**स्वदेशी विद्धानहरूका परिभाषा**

उपर्युक्त परिभाषाका अतिरिक्त नेपाली विद्धानहरूले पनि उखानलाई आ आफ्नै ढङ्गले परिभाषित गरेका छन् ।

- "उखान भनेको पदलालित्यले हिस्सी परेका,लाक्षणिक भावपूर्ण भएका उक्ति नै लोकोक्ति हुन् । एक किसिमले उखान भनेको हृद्दयकोश हो जसको प्रयोग ठाउँ र बेला हेरी हुन्छ ।" - सत्यमोहन जोशी
- "वाक्यस्तरको संरचना हुने त्यस सूत्रात्मक उक्ति वा कथन लाई उखान भनिन्छ जसको अर्थ त्यसका स्रोतसंग गाँसिएको हुन्छ ।" - मोहनराज शर्मा
- "उखान भाषाको ज्यान हो, जातिका अनुभवको सार हो ।"- पारसमणि प्रधान
- "उखान प्रत्येक जाति वासमाजका भाषिक समुदायमा मार्मिक तथा परिपुष्ट साझा अनुभवद्धारा विकसित हुन्छन् र तिनमा दृष्टामूलक एवं सूत्रात्मक अभिव्यक्ति पाइन्छ ।" -कृष्ण प्रसाद परसुवी
- "उखानहरू वास्तवमा हाम्रा पुर्खाहरूले घामपानि र हुरी संग संघर्ष गर्दै आर्जन गरेका निधि हुन् । " -बालकृष्ण पोखरेल

यसरी  उखानका बारेमा विभिन्न स्वदेशी तथा विदेशी विद्धानका परिभाषाहरूलाई विश्लेषण गर्दा सटिक र पूर्ण परिभाषा एउटै पनि पाइदैंन । तथापि उखानका बारेमा के चाहिँ अवश्य भन्न सकिन्छ कि उखानहरू लोक अनुभवबाट खारिएर निस्केका सूत्रात्मक कथन हुन् तिनमा व्यवहारिक ज्ञान हुन्छ । उखानले थोरैमा धेरै कुरा बताएको हुन्छ । समाजलाई मार्गैनिर्देश गर्दै वास्तविक चित्र उतार्छ । यो समाजको ऐना हो ।

## ३.४ उखानका विशेषता

उखानले एकातिर भाषिक अभिव्यक्तिलाई स्तरीयता, जीवन्तता, सरसता, अर्थगाम्भीर्य बनाइदिन्छ साथै भाषालाई रोचक, प्रभावकारी बनाउँछ भने अर्कातिर उखानले साहित्यिक मूल्य र मान्यता मात्र राख्दैन कि जीवनगत र मानवसभ्ताको सिङ्गो इतिहासलाई सुरक्षित राख्दछ । त्यस्ता उखानको भाषिक, साहित्यिक, सामाजिक,ऐतिहासिक मूल्यका दृष्टिले आफ्नै किसिमको महत्व र विशेषता रहेको छ । ( पौडेल :२०६०:पृ.१२) उखानका विशेषतालाई विभिन्न विद्धानले आ-आफ्नै किसिमले प्रस्तुत गदै आएका छन् ।कसैले  तीनवटा मात्र विशेषता देखाएका छन् भने कसैले दश-बाह्वटा सम्म विशेषता बताएका छन् । पश्चिममा विद्धानहरूमध्ये हावेल र होस्टिङले उखानको क्षेत्रमा कार्य गरेका छन् र उनीहरूले निम्न विशेषता देखाएको कुरा कृष्णप्रसाद पराजुली नेपाली उखान र गाउँ खाने कथा कृति, सातौ संस्करण २०६७ मा उल्लेख गरेका छन् ।

| | | | |
|---|---|---|---|
| हावेलका अनुसार | १) संक्षिप्तता | २) सारगर्भिता | ३) सप्राणता |
| होस्टिङका अनुसार | १) संक्षिप्तता | २) सारगार्भिता | ३) सप्राणता |
| | ४) लोकप्रियता | | |

उखानका विशेषता बताउने क्रममा चूडामणि बन्धु ले लोकसाहित्य,२०६६ मा निम्न विशेषता प्रस्तुत गरेका छन् ।

१) अनुभवसिद्ध  
२) जातीय जीवन सत्य  
३) सार्वभौम र सार्वकालिक अभिव्यक्ति  
४) संक्षिप्तता र सरलता  
५) जीवन्तता र लोकप्रियता

(बन्धु:२०६६,पृ.३३३-३३४)

नेपाली उखानका विशेषतामा कृष्णप्रसाद परजुलीले उखानका विशेषता यसरी बताएका छन् ।

१) सारगर्भितता २) संक्षिप्तता ३) सरलता ४) रुपविधिधता

५) सजीवता ६) लोकप्रियता

उखानका विशेषता प्रस्तुत गर्ने सन्दर्भमा शिवप्रसाद पौड्यालले नेपाली उखानका विशेषता भनेर निम्नानुसार उल्लेख गरेका छन् :

१) संक्षिप्तता २) लोकप्रियता ३) सारगर्भितता

४) सरलता र सरसता ५) स्पष्टता ६) लोकनुभवको गहनता

७) सवीवता ८) सार्वभौमिकता र सार्वकालीकता

९) प्रभाविष्णुता तथा प्रभावोत्पादकता १०) रुपविविधता

उपर्युक्त विशेषताका आधारमा हेर्दा उखान अति संक्षिप्त वा एक दुई शब्दमा सिङगो अनुच्छेद वा कथा वोकेका हुन्छन् । सादा कथा आलाङ्कारिक हुन्छन् । उखानहरू लोकप्रिय हुन्छन् । त्यसैले वर्षैदेखिको लोकजीवन मौखिक परम्परामा जनजिब्रोमा झुण्डिएर आएको हुन्छ । उखानहरू सारपूर्ण हुने हुनाले मर्मस्पर्शी र च्वास्स विझ्ने खालका हुन्छन् । उखानहरू अर्थपूर्ण, भावगम्भीर भएर पनि सरल र सरस हुन्छन् । सामान्य तथा कुनै पनि भाषिक समुदायमा प्रचलित उखान त्यो समुदायका प्राय : सबैले सजिलै बुझ्न सक्छन् र ती रसिला चाखिला पनि हुने भएकाले सबैको मन हुन्छन् । उखान सुन्ने वित्तिकै त्यसको अर्थ स्पष्ट झल्किन्छ । मानिसले अनेकौ पटक देखेका भोगेका र अनुभवसिद्ध ज्ञानका अभिव्यक्तिका रुपमा जन्मिन्छन् । त्यसैले उखानलाई लामा अनुभवबाट निस्केका छोटा बाक्य भनेर भनिन्छ । उखानमा सत्यता र यथार्थता प्रतिविम्वित हुने हुनाले ती सजीव हुन्छन् । उखानहरूको प्रयोग जहाँसुकै र जहिले पनि हुन्छ । अनुभव एउटै हो । केबल भाषिक प्रस्तुति मात्र फरक हुन सक्छ तसर्थ यी सार्वभौमिक र सार्वकालिक हुन्छन् । उखानभित्र उपर्युक्त प्रशस्त विशेषता रहने हुँदा यी चोटिला,धारिला, स्वादिला र प्भावकारी हुन्छन् । सोझै नभनीकन व्यङ्ग्यात्मक शैलीमा लयात्मक ढङ्गले प्रस्तुत हुनु पनि अर्को महत्वपूर्ण विशेषता मान्न सकिन्छ । उखानका रचियिता अज्ञात रहेका हुन्छन् ।

## ३.५ उखानका तत्वहरू

अन्य विधाका तुलनामा उखान लोकसाहित्यको लघु आकारका हुन्छन् ।आँकारका हिसावले साना भएतापनि उखानभित्र निम्न तत्वहरू अन्तरनिहित हुन्छन् । ती हुन् :

१) कथ्य २) शैली ३) उद्देश्य (बन्धु : २०५८: पृ. ३३४ )

**१) कथ्य :**

उखानमा जे भनिएको हुन्छ त्यो नै कथ्य हो । यसरी भनिने कुरा सोझै पनि भनिन्छ । कुनै पनि उक्तिको प्रसङ्ग र कथ्यले उखानको अर्थ स्पष्ट पार्दछ ।

**२) शैली :**

उखान जुन तरिकाबाट भनिएको हुन्छ त्यसैलाई यसको शैली भनिन्छ । उखानमा प्रयोग भएका शब्द र तिनको संयोजनबाट शैलीको निर्माण हुन्छ । उखानमा सामान्य र आलाङ्कारिक शैलीको प्रयोग भएको हुन्छ ।

**३) उद्देश्य :**

उखानको आफ्नै उदेश्य हुन्छ । उखानका माध्यमबाट व्यक्तिले केही कुरा भन्न चोहेको हुन्छ, उखानका माध्यमबाट उपदेश दिन चाहेको हुन्छ । यस्तै गरी सूचना दिन चाहेको हुन्छ अर्थात् कुनै विषयप्रति टिप्पणी वा आलोचना गर्न चाहेको हुन्छ । यसरी सूचना दिनु, उपदेश दिनु, टिप्पणी वा आलोचना गर्नु वा संक्षिप्त रुपले केही कुरा भन्नु हादि उखानका उदेश्य हुन् । ( बन्धु:२०५८ : पृ. ३३४ )

## ३.६ भाषामा उखानको स्थान

उखानहरू भाषाका प्राण तत्व हुन् । भाषाका धुकधुकी हुन् र भाषामा जीवन्त शक्ति सञ्चार गर्ने संजीवनी हुन् । उखानले सीमित शब्दमा श्रोताको मुटुमा च्वास्स पार्दै अमिट छाप छोड्छन् । भाषामा अनुपम मिठास भरिदिन्छन् किनभने अभिधात्मक भन्दा व्यङ्ग्यात्मक अर्थले नै मानव हृद्दयलाई प्रभावित पार्छन् । ( पन्थीः २०३६ पृ.५ )

कथनलाई स्पष्ट पार्न उखानको प्रयोग उपयोगी हुन्छ । उखानद्धारा भनाईलाई बढी प्रामाणिक, युक्तिसंगत, प्रभावशाली र रोचक तुल्याउन सकिन्छ । उखानहरू कथनलाई प्रष्ट पार्ने उपकरण हुन् । (शर्मा : २०४६:१८२ )

बोलचालका साथै भाषा साहित्यलाई सजीव र सरस बनाउन उखानको प्रयोग महत्वपूर्ण मात्र नभई अत्यावश्यक समेत ठहर्छ । कुनै पनि वाङ्मयलाई समृद्ध पार्न र त्यसको गरिमा बढाउनमा उखानको महत्वपूर्ण भूमिका हुन्छ । भाषा चमत्कृत पार्न, भनाइ प्रभावपूर्ण तुल्याउन र अभिव्यक्तिलाई सहज सम्प्रेषण दिन यसको ठूलो योगदान रहेको हुन्छ । (पराजुली २०३९ सातौ २०६७: पृ १५ )

उखान भाषाका सौन्दर्यपूर्ण अभिव्यक्ति हुन् भाषाका गहना हुन् । भाषाका अमूल्य सम्पति पनि हुन् । उखान भाषाका रसिला मरमसला हुन् । मरमसलाले खानाको परिकारलाई जसरी स्वादिलो बनाउँछ त्यसरी नै उखानले भाषिक कथनलाई स्वादिलो ओजस्वी र अर्धपूर्ण तुल्याउँछ । भाषा र साहित्यमा जति मात्रामा उखान टुक्का लोकगीतको प्रयोग हुन्छ । त्यो भाषा र साहित्य पनि उत्तिकै लोकप्रिय र समृद्ध हुन्छ । उखानको प्रयोगले पारस्पारिक कुराकानीमा आउने विवादको टुगों लागाउन सजिलो हुन्छ । (वनवासी २०५५ : ३४ )

यसरी उखानको प्रयोग बोलचाल र लेखन दुबैमा हुन्छ । अहिलेका लिखित पाठ्यसामग्रीमा प्रशस्त मात्रामा उखानको प्रयोग भइरहेको र साहित्यिक लेखनलाई सजीव तुल्याउन पनि उखानले मद्दत गरिरहेको छ । कुराकानीमा व्यञ्जना र चमत्कार ल्याउन उखानको प्रयोग गरिन्छ । प्राचीनकालदेखि हालका साहित्यकारहरूले उखानको प्रयोग गर्दै आएका छन् ।

यसर्थ माथिका कथनबाट पनि भाषामा उखानको महत्वपूर्ण स्थान छ भन्ने पुष्टि हुन्छ किनभने उखानले भाषालाई संक्षिप्त, सरल, सुन्दर र ओजपूर्ण बनाउन अहम् भूमिका खेलेको हुन्छ । भाषामा रोचकता र आकर्षण बढाउँछ । प्राचीन स्मृति र ज्ञानको सुरक्षा गर्ने काम उखानले गर्दछ । उपदेश, धार्मिक संस्कार, शकुन, जीवचर्चा धार्मिक शुभकार्य आदि व्यवहारमा उखानको घनिष्ट सम्बन्ध रहेको हुन्छ ।

## ३.७ उखानको उत्पति प्रक्रिया र स्रोत

उखानाको उत्पति कहिले, कहाँ, कसरी र कुन रुपमा भयो भन्ने कुरा निर्क्योल गर्न निकै गाह्रो विषय हो । किनकी यसका रचनाकार अज्ञात रहन्छन् । यसको उत्पति लोकजीवनका व्यावहारिक अनुभवबाट हुन्छ । जान रसेलका अनुसार - “धेरै को अनुभूति तथा ज्ञान र एकको उक्ति नै उखान हो ।”

यसले व्यवहारिक अनुभूतिको ज्ञानबाट सूत्रवद्ध रुपमा निस्केका छोटा मीठा कथनबाट उखानको उत्पति भएको हो भन्न सकिन्छ । लोकजीवनमा हुने सबै कुराहरूमा व्यक्तिको अनुभव, व्यक्तिले गरेको अनुभवबाट अन्य व्यक्तिहरूको अनुभव र त्यसलाई समाजका सबै व्यक्तिले गर्ने अनुभव एकै किसिमको हुन्छ र ती कुरा कुराहरू समाजका व्यक्तिहरूका लागि सार्वभौम सत्यका रुपमा स्थापित हुन्छन् । त्यही कुरा कुनै एक व्यक्तिका मुखबाट स्वाट्ट निस्कन्छ जसले अरुलाई आनन्दित पार्छ र अरुले पनि यथासमयमा भन्ने र सुन्ने गर्छन ।

तिनै चोटिला स्वादिला उक्ति नै उखान बन्न पुग्छन् । यी उखानहरू श्रुतिपरम्परामा हुर्केर आएका हुन्छन् । तसर्थ जीवनको तीता मीठा सत्यको अनुभव बटुलेर उखानको जन्म भएको हो । यसको परम्परा निकै पुरानो छ । वैद्धिक साहित्यका साथै संस्कृतका ग्रन्थहरूमा पनि सूक्तिहरू भेटिन्छन् । ती मध्ये कति व्यक्तिविशेषका ज्ञान र अनुभवका विचार हुने भने कति लौकिक उखानका छाया हुन् । (बन्धु :२०५८ : पृ.३३५)

उखानको उत्पतिको स्रोतका बारेमा चरुडामणि बन्धुले तीनवटा बताएका छन् :

१) लोककथा २) ऐतिहासिक घटना ३) प्राज्ञवचन (बन्धु :२०५८ : पृ.३३५)

कृष्णाप्रसाद पराजुलीले उखानको उत्पतिको स्रोतका रुपमा तीनवटा कुरालाई आधार बनाएका छन् ।

१) ऐतिहासिक घटना २) सांस्कृतिक परिवेश ३) विशिष्ट उक्ति (पराजुली २०३९ सातौ २०६७ पृ.२८ )

यसरी नै उखान उत्पति स्रोत बताउने सन्दर्भमा शिवप्रसाद पौड्यालले निम्न आधारहरूलाई उखानको स्रोत भनी चर्चा गरेका छन् ।

१) ऐतिहासिक स्रोत २) पौराणिक स्रोत ३) लोककथात्मक स्रोत ४) कृषि स्रोत

५) स्थानीय स्रोत ६) सामाजिक स्रोत ७) सांस्कृतिक स्रोत (पौड्यालः २०५८ः पृ.४१)

माथि उल्लेख गरिएअनुसार उखानका स्रोतका बारेमा विद्धानहरू एकमत देखिंदैनन् तथापि चरुडामणि बन्धु र कृष्णप्रसाद पराजुलीले उल्लेख गरेका स्रोतभित्र अन्य सम्पूर्ण स्रोतहरू समेटिने भएकोले निम्ननुसार चर्चा गर्नु उपयुक्त दुखिन्छ ।

**१) लोककथा**

उखानहरूको विकास लोककथाबाट भएको हो । उखान शब्द उपाख्यानबाट विकसित भएकाले यस्ता उखानहरूका स्रोत पनि कथाहरू नै हुन् भन्न सकिन्छ । नेपालीमा उखानलाई आहान पनि भनिन्छ । नीतिकथा,पञ्चतन्त्रमा भएका उक्तिहरू कथासँग जोडिएका छन् । साथसाथै लोककथामा जस्तै अतिरञ्जना उखानमा पाइन्छ, जस्तै रातभन्दा सपना लामो । त्यसैले कतिपय उखानहरू लोककथामा आधारित भएर आउने र लोककथाका विशेषतासंग मिल्ने पनि भएकाले यसको एउटा स्रोतका रुपमा लोककथाहरूलाई लिन सकिन्छ ।

### २) ऐतिहासिक घटना

कतिपय उखानको सन्दर्भमा ऐतिहासिक घटनासंग जोडिएको हुन्छ । सबै उखानहरूलाई ऐतिहासिक घटनासंग जोड्न नसकेतापनि केही उखानहरूले निश्चय नै ऐतिहासिक घटनाहरूलाई सङ्केत गरेका हुन्छन् । जस्तै : देखौला नि पाँडेको दीर्घायु,। मुकुन्दसेनले मुलुक मार्न नसकेको, तँ फुसाले खीर खान नजानेको ।

### ३) प्राज्ञवचन

उखानहरू विशिष्ट व्यक्तिका कथन हुन् । त्यस्ता विशिष्ट व्यक्तिहरू विद्धान, साहित्यकार, अथवा निरक्षर तर अनुभवले खारिएका सामान्य व्यक्ति पनि हुन सक्छन् । उनीहरूले सामाजिक,सांस्कृतिक, आर्थिक, धार्मिक, जीवनका विभिन्न पक्षबाट बटुलेका अनुभवसिद्ध उक्तिहरू नै उखान हुन् । कसै न कसैले लोकपरम्परामा भनेर आएका उक्तिहरू उखान बन्न पुग्छन् जो अत्यन्त लोकप्रिय हुन्छन् । उखान शुरु गर्दा एउटाले जानेको भनेर त्यसपछि उखान भन्ने चलन छ । यसले पनि व्यक्तिविशेषका कथनहरू कालान्तरमा आएर सार्वजनिक बन्दै उखानहरू लोकप्रिय  भएको पुष्टि गर्छ । एउटाले जानेको -‘राजा टाढा रैती छाडा ’ भन्छन् भनेर अज्ञात व्यक्ति सङ्केत गर्ने गरेको पाइन्छ ।

## ३.८ उखानको वर्गीकरण

उखानको वर्गीकरणको आधार निश्चित गर्नु निश्चय पनि कठिन कार्य हो । उखानमा प्रशस्त विभिन्नताहरू रहेका हुन्छन् । त्यसैले यसको सीमा छुट्याउनु पनि त्यति सहज छैन । विद्धानहरू कुनै न कुनै सिद्धान्त र आधारबाट उखानको वर्गीकरणमा गर्न जुटेकै छन् ।

उखानको वर्गीकरण मूलत : दुई आधराबाट गरिएको पाइन्छ :

१) रुपात्मक वर्गीकरण र २) विषयात्मक वर्गीकरण

बालकृष्ण पोखरेलले शब्दशक्तिका आधारमा उखानलाई अभिधामूलक र लक्षणामूलक गरी दुई वर्गमा विभाजन गरेका छन् । कृष्णा प्रसाद पराजुलीले नेपाली उखान र गाँउखाने कथा २०३९ सातौ संस्करण २०६७ मा नेपाली उखानको वर्गीकरण ज्ञान क्रिश्चियन, डा. कृष्णदेव उपाध्याय, कन्हैया लाल सहल, शशिशेखर तिवारी,कुन्दनलाल उप्रेतीका वर्गीकरण समेत समावेश गरी उखानहरूको वर्गीकरण गरेका छन् । कृष्णप्रसाद पराजुली अनुसार

१) रुपात्मक वर्गीकरण

क) शव्दशक्तिमूलक (अभिधा,लक्षणा )

ख) संरचनात्मक दृष्टि

- अनुप्रासमूलक - आकारगत - उपमानमूलक - गीतिप्रधान
- तुकबन्दीयुक्त - प्रश्नमूलक - प्रश्नोत्तरात्मक

२) विषयात्मक वर्गीकरण

- सामाजिक तथा नीति चेतनासम्बन्धी - ज्ञानविज्ञानसम्बन्धी - कृषि व्यवसायसम्बन्धी
- लोक विश्वास सम्बन्धी - विविध विषयसम्बन्धी (हास्यव्यङ्ग्य, इतिहास, प्रकृति, पशुपक्षी )

डा. कृष्णदेव उपाध्यका अनुसार

- स्थानसम्बन्धी - जातिसम्बन्धी - प्रकृति तथा कृषिसम्बन्धी
- पशुपक्षीसम्बन्धी - प्रकीर्ण

जन क्रिश्चियनका अनुसार

- मानिसका कमजोरी, त्रुटि तथा अवगुण सित सम्वद्ध
- साँसारिक ज्ञानविषयक- सामाजिक र नैतिक - जातिका विशेषतासंग सम्बद्ध
- कृषि र ऋतुसम्बन्धी - पशु तथा सामान्य जीवजन्तुसित सम्बन्धित

कुन्दनलाल उप्रेतीका अनुसार

- सामाजिक तथा नैतिक - ज्ञान,दर्शन तथा साहित्यसम्बन्धी - शिक्षा तथा साहित्य सम्बन्धी
- कृषि तथा ऋतुसम्बन्धी - स्थान सम्बन्धी- लोकविश्वास सम्बन्धी
- जीवजन्तु तथा पशुपंक्षी सम्बन्धी- प्रकीर्ण

यसै गरी जीवेन्द्रदेव गिरीले थारू भाषाको उखानको वर्गीकरण र विश्लेषण गर्ने क्रममा यसरी वर्गीकरण गरेका छन् ।

१) शब्दशक्तिमूलक

- अभिधामूलक - लक्षणमूलक

२) संरचनात्मक

क) गठनको आधार - पूर्ण वाक्य,अपूर्णवाक्य, प्रश्नात्मक, प्रश्नोत्तरात्मक

ख) लयको आधारमा - विशिष्ट लयातमक, सामान्य

ग) आकारको आधारमा - साना आकार भएका, अति लामा आकार भएका

३) विषयत्मक

क) जीवनगत  ख) खेतीपाती सम्बन्धी  ग) खानपिन सम्बन्धी  घ) लोकविश्वाससम्बन्धी

ङ) नीतिचेतनासम्बन्धी  च) हास्यव्यङ्ग्य सम्बन्धी  छ) विविध विषय सम्बन्धी

चूडामणि बन्धुले नेपाली लोकसाहित्य २०५८ (पृ.३३८-३४१)मा उखानको वर्गीकरण यसरी गरेका छन् ।

१) शब्दस्रोतका आधारमा २) वाक्यसंरचनाका आधारमा ३) वाक्ययार्थ वा भावका आधार

४) दृष्टिबिन्दुका आधारमा  ५) आकारका आधारमा  ६) अर्थका आधारमा

यसरी उखानलाई वर्गीकरण गर्ने क्रममा विदेशी तथा स्वदेशी विद्धानहरूका फरक फरक विचाहरू रहेको पाइन्छ ।

# परिच्छेद चार

# पुनर्वास क्षेत्रका रानाथारू भाषामा प्रचलित उखानको सङ्कलन वर्गीकरण र विश्लेषण

रानाथारू भाषामा उखानलाई 'कहनियाँ' भनिन्छ । यस भाषामा कहनियाँको प्रशस्त प्रयोग हुने गरेको पाइन्छ । बोलचालका क्रममा भनाइलाई सटिक रुपमा व्यक्त गर्ने सन्दर्भमा भन्दा भन्दै यस्ता कहनियाँहरू आइरहन्छन् । यी उखानहरू (कहनियाँ) युगौँयुग देखि प्रयोगग हुँदै आएका छन् । यिनले रानाथारू समाजको समाजिक, आर्थिक, सांस्कृतिक पक्षको चित्रण गरेको हुन्छ । सानो टुक्रा उखानमा रानाथारू समाजको सिङ्गो रुप देख्न पाइन्छ । पुनर्वास क्षेत्र कञ्चनपुरका रानाथारू भाषामा प्रचलित उखानहरूलाई संकलन गरी वर्गकिरण, विश्लेषण गर्ने कार्य हालसम्म कहीँ कतैबाट भएको पाँइदैन । त्यसैले पुनर्वास क्षेत्रका चारवटा गा.वि.स. हरूमा रानाथारू समाजमा प्रचलित उखानहरूको सङ्कलनलाई नेपली अर्थसिहत प्रस्तुत गर्दै तिनीहरूको वर्गीकरण विश्लेषणका आधारमा निष्कर्ष निकाल्नु नै यस अध्ययनको उद्देश्य भएकाले उक्त भाषामा प्रचलित केही उखानहरूलाई यहाँ नेपाली अर्थ सहित प्रस्तु गरिएको छ :

## ४.१ सङ्कलन

**'रानाथारू भाषाका उखानहरू (कहनियाँ) र तिनको नेपाली अर्थ'**

१) एक पन्थ दुई काज ।

- एक पन्थ दुई काम ।

२) बाँदरा खेत खाए,कुत्ता टाँगो जाए ।

- धान खाने मुसो चोट पाउने भ्यागुतो ।

३) कुत्ता धोवीको घरको नघाटको ।

- धोबीको कुकुर घर नघाटको ।

४) आगु सोचै सुरवीर,पाछु सोचै गमार ।

- बुझ्नेले अघि सोच्छ, मूर्खले पछि सोच्छ ।

५) चिरैयाँ चुग्गै खेत,फिर पाछु पछिताय ।

- चराले बाली सखाप पारीसक्यो बल्ल होस आयो ।

६) उल्टा चोर कुतबाल के डाँटै ।

- आफै(उल्टा) चोर कोतवालीलाई डाँट्छ ।

७) बेरबेरकी लौङ्गन भली, एकबेरको बकर भलो ।

- पटकपटक ल्वाङ चढाउनु भन्दा एकै पटक बोका चढाउनु त्यो नै राम्रो ।

८) लंगणा लंगणा टाङ उटको ।

- आफू लंगडो, गर्छ केही न केही उपध्रो ।

९) चार दिनको चाँदनी फिर आधियारी रात ।

- चार दिनको चाँदनी,फेरी अँध्यारो रात ।

१०) नाचन् नजानै, कहत् आँगना टैंणो ।

- नाच्न जान्दैन आँगन टेढो ।

११) चादर देखके टाँग पसारै ।

- खुट्टा अनुसारको जत्ता,घाँटी हेरी हाड निल्नु, जत्रो ओढने छ त्यति न खुट्टा पसार्ने ।

१२) पजरत आगी सबकोइ तापत, बुर्ती आगी कोयनैतापत ।

- बलेको आगो सबै ताप्छन्,निभेको आगो कोही पनि ताप्दैनन् ।

१३) जब धन दिखियजात,आधो लिए बटाय ।

- जम्मै नपाउनु भन्दा आधा पाए पनि वेश ।

१४) बाप वणो न भैया सबसै वणी रुपैयाँ ।

- वा आमा दाजुभाइ भन्दा ठूलो पैसा ।

१५) अँधेराकी त फुटी,तेरो हियाउसे गई ।

- अन्धोको त आँखा फुटेको छ,तँ देख्ने भएर त्यो भन्दा खतम रैछस ।

१६) बात सुनै बुढारनकी, आगी तापै ठुणनकी ।

- आगो ताप्नु मुढाको कुरा सुन्न बुढाको ।

१७) झोपणी छोणके का होत खोपणी त संगै है ।

- जाहाँ गएपनि भाग्य संगै ।

१८) जैसो धाबओ उइसी पाई ।

- परिश्रम अनुसारको फल ।

१९) पानीमे घुसके कहुँ सुखो निकरो ?

- पानीमा पसेर कहीं सुख्खा निसकन्छ ?

२०) कोइ नइ जानत् है जोक कौन वखत पानी पित है ?

- जुका कतिबेला पानी पिउँछ बसैले थाहा पाउँदैन ।

२१) धूरमे फन्दा लगिगौ ।(धूलो)

- नगरेको काममा पनि फस्नु

२२) पानीमे पादेर कहुँ छिपो ?

- पानीमा पादेर कहीँ छिप्छ ।

२३) खेत विगाडै दोंदरा, चुगल विगाडै गाऔ ।

- खोलाखोल्साले खेत विगार्छ, चुकलीबाजले गाउँ ।

२४) भैया फुटै गवार लुटै ।

- भाइ फुटे गवार लुटे ।

२५) लाखकी मडैया खाख हुयगेइ ।

- केही बाँकी नरही सबै स्वाहा हुनु ।

२६) जिउके पायँन् भइन् वेवाइ,बो का जानै पीर पराइ ।

- जसको पाइतला फाटेको छैन उसलाइृ अरुको फाटेको पीडा कति हुन्छ के थाहा ?

२७) काला अक्षर भैंस बराबर ।

- कोलो अंक्षर भैसी बराबर ।

२८) कबरी गैंयाको कबरै बच्चा हुइ है कबरा ना हुइ है त टिकुवा जरुरै हुइ है ।

- झाले गाईको झालैनै बच्चा हुन्छ, यदि भएन भने पनि तारे त अवश्य हुन्छ ।

२९) अन्धराके लेखे(लागि) पणोरै मट्ठ ।

- अन्धाका लागि लिप्नका लागि भिजाएको माटो र मोही एकै हुन्छ ।

३०) दूरको ढोल सोहाए ।

- टाढाको ढोल सुहाँउछ ।

३१) टपका आम ब्यारक असियात ।

- पाको आँप हावालाई पर्खेको ।

३२) सोनो मे सुगन्ध ।

- सूनमा सुगन्ध

३३) एक अन्धा एक कोढी, राम बनाएदइ जोडी ।

- एउटा अन्धा एउटा कोढी रामले बनायो दुबैको जोडी

३४) एक पडै, दुई लटके ।

- एउटाले विगार्छ, अरुले झन्झट बेहोर्छन ।

३५) मरन चलो, मल्हारे गाए । (गीत)

- मर्नेवेलाको मान्छे मलहार (बैंसको गीत) गाउँछ मर्ने वेलामा पनि केही गर्न खोज्नु )

३६) अपनी भँवाए, परोसिक झाँकन् जाए ।

- आफ्नो गर्न नसक्ने, (फुर्सद छैन) अरुलाई सघाउँछ ।

३७) चोरी करै, मोरी नाय जानै ।

- चोरी गर्न जान्ने,बाँच्ने उपाय नजान्ने ।

३८) मौताहो सेरा, गाँउमे जाके फिकरै ।

- मर्ने वेलामा स्याल गाउँतिर जान्छ ।

३९) इक्लिा फुवा ।

- बुद्धिमान फुपू ।

४०) वाँदर का जानै? अद्रककी स्वाद ।

- बादरलाई के थाहा हुन्छ ? अदुवाकोस्वाद ।

४१) बकरियाकी पुँछ काटे,बकराकी बन बैठी ।

- वाखाको पुच्छर काटेर बोकालाइृ सजिलो ।

४२) चिटी मरलकी ताँही पखना जमाइ है ।

- कमिला मर्नका लागि प्वाँख निकालेको छ ।

४३) बार के बाँधनसे कहुँ कार रुकी ?

- रौले बाँधेर कहीँ मोटर रोकिन्छ ?

४४) चन्दनकी चुफरी भली का गाडी भर काठ ?

- चन्दनको छस्को बेस, गाडी भरि काठको के काम ?

४५) पराइ कुठियाको टेठो आनो ।

- अरुको चिजको आस गर्नु बेकार हो ।

४६) जब तक साँस तबतक आस ।

- सास भइन्जेल आस

४७) हिम्मत से किम्मत ।

- साहसले नै उपलब्धि दिन्छ ।

४८) ज्ञानीको ज्ञान, असुरबालको टौटका ।

- बुद्धिमानीले ज्ञानले काम लिन्छ,मूर्खले बलले काम लिन्छ ।

४९) घर घोडी,पायँन् चलै ।

- घरमा घोडा हुँदाहुँदै आफु पैदल हिंड्ने ।

५०) हथियक मुहम केरा/जिरा ।

- हात्तीको मुखमा केरा/जिरा

५१) जिउँ जिउँ मुर्गी मोटी, तिउँ तिउँ गाँड छोटी ।

- कुखरा जति जति मोटाउँदै जान्छ, त्यति त्यति चाक छोटो हुँदै जान्छ ।

५२) लकडीक डर बँदरी नाचै ।

- लठ्ठीको डरले बाँदर नाच्छ ।

५३) घुटन्त विद्या, खुदन्त खेती ।

- घोकन्ते विद्या खनजोत अनुसारको खेती ।

५४) साझक मुरिला (मूलधन) साँग (साँघु) में नातरत् ।

- सोझो कि बाझो ।

५५) आँधिक आग्गु कहुँ बेना चलो ?

- हुरीमा कही हाते पंखा चल्छ ?

५६) कबही गुरुक नौ सय चेला, कबही गुरु फिरे अकेला ।

- कहिले गुरुका नै सय चेला,कहिले गुरु हिड्छन अकेला ।

५७) अगवणय सो अणबँडाय ।

- हतपतको काम लतपत ।

५८) परायक बोलम पत्थर करौट लेए ।

- अर्काको भनाइमा लागेर ढुंगा पल्टाउँछ । (लहैलहमा लाग्नेकाम )

५९) जैसी देश बैसी भेष ।

- देश अनुसारको भेष

६०) गदहक नून देओत,गदह कहत मेरी आँखिय फुटी ।

- मूर्खलाई ज्ञान दिदा उल्टो ठान्छ ।

६१) बिजुलीकी मारी कुत्ता, लुख्टा देख डराय ।

- विजुली देखि डराएको कुकुर अगुल्टो देखि तर्सन्छ ।

६२) सैदाके इककल नाएदेए, डलैया भर सिधो दैदेए ।

- मूर्खलाई अक्कल होइन डाली भरी सिधा दिनु ।

६३) घोडाकी लम्बी पुँछत है पर है अपनी मारे ।

- घोडाको जति लामो पुच्छर भएपनि अरुका लागि काम लाग्दैन आफ्नै, लागि हो ।

६४) कानै कान मैदान ।

- एक कान दोकान मैदान ।

६५) घरको भेदी लंका ढाए ।

- घरकै कारणले लंका सखाप भयो ।

६६) धावै धावै सोइ प्रापत होए ।

- धाएर नै चाहिएको कुरा भेटिन्छ ।

६७) हाँथियाक दिखनियाँ दाँत आउरे, खनियाँ दाँत आउरे ।

- हत्तीको खान र देखाउने दाँत अलग अलग हुन्छन् ।

६८) बनो भिखारी मागै फटक्के ।

- माग्नेलाई सग्ला चामल ।

६९) मख्खी ढुणै घाव, दाइया ढुणैँ दाव ।

- माखा घाउ खोज्छ, दुश्मन दाउ खोज्छ ।

७०) ओसक चाटे कहुँ प्यास जै है ?

- शीत चाटेर तिर्खा मेटिदैन ।

७१) जबतक उँट पहाड तर नाए जात है त सोचत है महीं ढेगो ।

- जबसम्म उँट पहाड पुग्दैन तबसमम मनै अग्लो हुँ भन्ने ठान्छ ।

७२) घरना घनेरे,बाहिर बहुतेरे ।

- घरमा पो छैनन्,बाहिर त कति छन् कति ।

७३) वँदराक हाथम,नरिवल ।

- बाँदरको हातमा नरिवल ।

७४) घरको मनुवा मन भरेको है बाहिर नाए है छटाँकौ भरको ।

- घरमा मै हु भन्ने तर बाहिर छटाँक भरि पनि छैन ।

७५) घरकी मुर्गी साग बराबर ।

- घरको मुर्गा दाल बराबर ।

७६) पैसाकी मुर्गी टका निभ्टउनी ।

- सानो बस्तुले ठूलो खर्च सिध्याउनु ।

७७) आमके आम गुठलिक दाम ।

- आँपको त छँदै थियो, वियाँको पनि दाम (दोहोरो फाइदा ।)

७८) दुखमे दोहा ।

- दुखका बेलामा दोहा गाउनु ।

७९) होनहार विरुवाक चिक्ने पत्ता ।

- हुने विरुवाको चिल्लो पात ।

८०) बाँसमे काँस पैदा ।

- बाँसमा काँस पैदाहुनु ।असल बाबुआमा अनुसार छोराछोरी नहुनु ।

८१) परोपरो हरियाए,बहोबहो बहिजाए ।

- जहाँ गए पनि हालत( अबस्था) विग्रँदै जानु ।

८२) नाम बडो दर्शन छोटो ।

- नाम ठूलो हेर्दा सानो ।

८३) औरेको ताहीा खट्टा खोदत अपने ताहीँ कुइयाँ (इनार) तयार ।

- अरुलाई खाडल खन्दा आफै झन त्यसभन्दा ठूलो खाडलमा परिन्छ ।

८४) काम असारे,बैरी मारै ।

- काम सिध्यायो भने शत्रु लाई जिते जत्तिकै हुन्छ ।

८५) लाद् कुदल, घोडा कुदतै नाए ।

- भारी कुदछ घोडा कुटदैन ।

८६) थुककी कहुँ पुल बधी ?

- थुकले कहीँ पुल बन्छ ।

८७) मरे पुतक,बडबड आँखी ।

- मरेको छोराको ठूलाठूला आँखा (गुमेको वस्तु ठूलो )

८८) बिना मरे, सुरग देखन ना मिलत है ।

- नमरी स्वर्ग देखिदैन ।

८९) नौ दिन चलै अढाइ कोश ।

- नौ दिनमा हिड्दा जम्मा अढाइ कोश । (ढिलासुस्ती)

९०) मन चङ्गा कठोठिम् गङ्गा ।

- मन चङ्गा त कठौठी (काठको आरी) मा गङ्गा ।

९१) मुहम राम राम, बगलम् छुरी ।

- मुखमा रामराम बगलीमा छुरा ।

९२) घरघर कुत्ता घाँस खाएत, सबैन पाल लेएँ ।

- कुकुरले घाँस खाने भए सवैले पाल्ने थिए ।

९३) मानक बिरा हिरा समान ।

- मानले दिएको सानो चिज पनि हिरासमान हुन्छ ।

९४) चलाक कौव गुहे खात ।

- काग बाठो भए पनि गुहु खान्छ ।

९५) तितुर,सबके भित्तर ।

- तित्रोको आवाज जे पनि सुनिन्छ (जता पनि मिल्ने/चोचोमोचो मिलाउने ।)

९६) चमडी जाए दमडी ना जाए ।

- ज्यान गए पनि,पैसा त छोड्दिन ।

९७) सोराक देखके भलुवा खेत खाई ।

- वनेलले खाएको देखेर भालुले गहुँ खायो ।(देखासिकीबाट अनिष्ट हुनु)

९८) ऐठे सो पैठै ।

- अटेर गर्दा आफैलाई अप्ठायारो ।

९९) अंधराक डगर बताएबैत,बहु आगै नेगै ।

- अंन्धालाई बाटो देखाउनेले अगाडि हिड्नु पर्छ ।

१००) खाएमे खाएन् देखिए, विन बुलाए जाएन् देखिए ।

- खाएकोलाई खुवाउन र नबोलाएको ठाउँमा जान उचित हुँदैन ।

१०१) परोसिक हुइ लगिए ।

- छिमेकीलाई सहयोग गर्नुपर्छ ।

१०२) सुनारिक खुटक, लोहारिक धम्म ।

- सुनारको सय चोट लोहारको एकै चोट ।

१०३) रकम पुगी बजारमैं, घर बैंठो ताडै ।

- अन्न बजारमा पुगिसक्यो घरमा बसेर भाउ गर्छ ।

१०४) पथरा ढुंणत् देवता मिलिगो ।

- ढुङ्गा खोज्दा देवता पाउनु ।

१०५) जौन थरिया मे खात, बहे थरियामे छेद करत् ।

जुन थालमा खायो त्यसैमा प्वाल पार्ने (हग्ने) ।

१०६) लठ्ठुको मारे उँचो, बातको मारो निचो ।

लट्ठीको चोट भन्दा कुराको चोट बढी पर्छ ।

१०७) स्यारक देहौं आरक नाए देहौं ।

- शत्रुलाई दिन्छु वरु, दाजु भाई दिन्न ।

१०८) चमारको लौंणा, बरगेलीसे कहीँ पेट भरी ।

- गाइ भैँसी खानेलाई फिस्टाले कही पेट भरिन्छ ?

१०९) हाय बडी गरिबकी लोहा भषम हुइ जाएँ ।

- गरिबलाई दुख दियो भने नराम्रो हुन्छ ।

११०) भैँसा नाए देखो ता भैंसाक डगरौन् देखो ।

- भैंसी पनि देखेन भैंसीको बाटो पनि देखेन ।

१११) मुसो मारक गोबर सुघात ।

- मुसो मारेर गोबर सुँघाउने (निरर्थक) ।

११२) हिरामेत किरा पड्ते है ।

- हिरामा पनि किरा पर्छ ।

११३) पालो कुत्ता काटतन दौरत है ।

- पालेको कुकुर नै टोक्छ ।

११४) इटक गै घिन्नी, मनाए दै छिन्नी, निकरै गइ घिन्नी, भुलि गै छिन्नी ।

- खोलो तर्‍यो लौरो बिर्स्यौ काम नभइन्जेल मान्दै थियो, काम सकिए पछि भुल्यो ।

११५) भुखो बघटा घोघा चबाए ।

- भोकाएको बाघले घुंघी चबाउँछ ।

११६) हाँसै कुम्हणियाँ, रोबै मलनियाँ पता नाए उँट कौन करौट बैठ् जाए ।

- हाँसी सुख पनि छैन रोई सुख पनि छैन, भन्न गाह्रो छ ।

११७) पाप छप्पर से पुकारत् है ।

- पाप धुरीबाट कराउँछ ।

११८) जान बुझकर नए करै ढिठाइ,बाको नरक बडो है भाइ ।

- बुझीबुझी बुझपचाउनु हुँदैन ।

११९) कटोमैं नून लगाए ।

- काटेको ठाउँमा नून छर्किने ।

१२०) टुटीक कोइ बुटी नाए ।

- नास भैइसकेको भाँचिएको कुनै औषधि छैन । मान्छैको कुने औषधि छैन ।

१२१) दूधक् दूध पानिकि पानी छुटियानो ।

- दूधको दूध पानीको पानी छुट्ट्याउनु ।

१२२) धन जावैत जाए, पर धर्म नजाए ।

- धन गए पनि जाओस, तर धर्म नजाओस ।

१२३) भुर्जिको लौंडा चबेनाक असरियानो ।

- पल्केको तिल्के घरिघरी झिल्के, जति दिंदै गयो,त्यति नै माग्न आइरहने (आस गर्ने)

१२४) सबकी मैया साँझ ।

- सबैको प्यारो साँझ । बेलुका भएपछि सवैको भेट ।

१२५) जलमें बैठक मगरमच्छसे बैर नकरनो चाहिए ।

- पानीमा बसेर गोहीसंग दुश्मनी गर्नु हुँदैन ।

१२६) हड्डा डारक कुत्ता लडानो ।

- हड्डी फालेर कुकुर लडाउने ।

१२७) साँप मर जाए लकडीउ नाए टुटै ।

- साँप मरोस तर लठ्ठी नभाँचियोस ।

१२८) बैठन बनाजात हैत, लेटनौ बनिजात है ।

- बस्न मिल्यो भने त सुत्न पनि मिलीहाल्छ ।

१२९) उंगली पकरक बाँह पकडत ।

- औँलो दिंदा डुडुल्नो निल्छ ।

१३०) दुधौ रहै पुतै रहै ।

- दूध रहे छोरो पनि रहन्छ ।

१३१) नट्टी देखक कौरा निलो जात है ।

- घाँटी हेरी गाँस निल्नु पर्छ ।

१३२) भिरगुन मारी लात किसुनके का घटो ?

- भृगुले लात्तो हानेर कृष्णको के घट्यो ?अरुको नराम्रो गरेर आँफै पछुताउनु पर्छ ।

१३३) समभ्रूदारके ताँही इशारा बहुत ।

- बुभ्र्नेलाई इशारा काफी ।

१३४) लातको आदमी बातसे नाए मानत है ।

- जति सम्भ्राए पनि नमान्ने। कुट्नै पर्ने ।

१३५) दुलहाको ताँही चौक,पुरोउल बैठो मुण्का ।

- दुलहाका लागी चौका, पण्डित मुड्का (पिर्का) मा बस ।

१३६) भैंसीयक आगु का बेन बजाए ।

- भैंसीका अगाडि बाजा के बाजाउने ।

१३७) जौनकी लट्ठी बहेकी भैंसिया ।

- जसको लट्ठी उसको भैंसी ।

१३८) कुत्ताकी पुँछ कवहन सुध भै ।

- कुकुरको पुच्छर कहिल्यै सोभ्रो भएन ।

१३९) बालक बन्दर एक सोभाव, जहाँ जाँए तहाँ करै उपाव ।

- बालक र बाँदरको एउटै स्वभाव, जहाँ जान्छन् त्यहाँ गर्छन् उपद्रव ।

१४०) इक्कल बडा की भैंस ।

- बुद्धि ठूलो की भैंसी ।

१४१) मर्दकी बात हाँथीकी दाँत ।

- मर्दको कुरा र हाँत्तीको दाँत ।

१४२) फुटो बर्तन ठठेरो घर जाए, टुटी धिरिया नए हरजाए ।

- बाल्नेको पिठो बिक्छ नबोल्नेको चामल विक्दैन ।

१४३) सच्चे गुरुके लगेहौ पाँए, भ्रुठे गुरुके देहाँ गारी ।

- असल गुरुलाइृ ढोग गर्छु र भ्रुठो गुरुलाई गाली दिन्छु

१४४) जहाँ डर बहीँ भोर ।

- जहाँ डर त्यही बिहान ।,चिन्ताले सताउनु रातभर निद्रा नलाग्नु ।

१४५) काना काना,आप सुगाना ।

- कानेखुसी गर्दा मेरै कुरा काटेको भन्ने ठान्नु ।

१४६) सोवैसो खोबै,जागैसो पाबै ।

- जो सुत्यो त्यसले गुमायो, जो जाग्यो त्यसले पायो ।

१४७) बेबस परी विलैया मुसो से गाँड मराए ।

- सामान्य चीजले काम चलाउनु/अडको पड्को तेलको धुँप ।

१४८) कौवा कर्रानेसे कही ढोण फटी ?

- काग कराउँदैमा कहीं ढोण(भुँडी)फाट्छ र ?,समय नआइ केही कुरा पनि हुँदैन ।

१४९) कुइंयाकी मुंणकी समुन्दरकी बात का जानै है ।

- कुवाको भ्यागुतालाई समुद्रको कुरा के थाहा ?

१५०) बनी लुखडिया अंगुर खानक सोचै ।

- आफू छेपारो अंगुर खान सोच्ने ।

१५१) देख वदकी ठाँठी उदै दाह लागत् है ।

- जो चोर उसैको ठूलो स्वर ।

१५२) जानो मारै बनियाँ पहिचानो मारै चार ।

- गल्ती एउटाले गर्छ धेरैले दुख पाउँछन् ।

१५३) कुत्ता भुकतै जाए,हाथिया छिरो चलो जाए ।

- कुकुर भुक्तै छ,हात्ती पस्दै हिड्दै छ ।

१५४) भाँणही कुतिया जलबीकी रखवारी ।

- वादीको जलेबीको रखवारी /दुधको साँची विरालो ।

१५५) साँणै साण लडत्, भुँणाकी खैखारी करत ।

- साँढेको जुधाइ, बच्छाको मिचाइ ।

१५६) गेहुँक पाछु घुनौ पिसत ।

- गहुँ संगै घुन पिसिन्छ ।

१५७) बुद बुँदसे घैला भरत है ।

- थोपा थोपाले घैला भरिन्छ ।

१५८) नङ्गा नाचै मैदान मे ।

- नङ्गा नाच्यो मैदानमा ।

१५९) हाँथियाके मुँहम् जिरो ।

- हात्तीको मुखमा जिरा ।

१६०) हड्डैहड्डा मे छुरिया नाए चलत ।

- हाडैहाडमा छुरी लाग्दैन ।

१६१) गोबरमे पथरा का मारे ?

- गोबरमा ढुङ्गा के हान्नु ।

१६२) गाओ भओ गीतक का गावै ?

- गाइसकेको गीत के गाउने ?

१६३) मरो मराओक का मारै ?

- मरेको लाई के मार्ने ।

१६४) पैसा होए गन्ठे विद्या होए कण्ठे ।

- पैसा गाँठ(खल्ती) भरि विद्या कण्ठ भरी ।

१६५) राज नाचै तमासा कौन देखै ।

- राजा नाचेर रमिता कसले हेर्ने ?

१६६) बघटा के सिकार करन चलो खजाना लै गिदरकी ।

- बाघको सिकार गर्न हिड्यो,खजाना लग्यो स्यालको ।

१६७) सेरै सेर कण्डिया भारी हुइ गइ है ।

- अलि अलि चुपुर्को,कोठा भयो थुपुर्को ।

१६८) हगनत पेती गतियास मारै ।

- हग्ने बेला हतारो/लगनको बेला हगन ।

१६९) थैलीकी मार कुत्तै जानत है ।

- खुकुरीको चोट अचानोलाई थाहा हुन्छ ।

१७०) जर टेणीत पलै यौ टेणी ।

- जरा टेढो भएपछि हाँगा विंगा त्यसै टेढो ।

१७१) चना खाएके हात चाटना ।

- चना खाएर हात चाट्छ ।

१७२) देर हुइ है अन्धेर नाए हुइ है ।

- ढिला भएर केही हुँदैन, काम राम्रो हुनुपर्छ ।

१७३) मुह आगु बाबाबाबा, पीठ पाछु जगलन्डा ।

- मुखमा रामराम बगलीमा छुरा ।

१७४) अपना भलो त जग भलो अपना बुरो त जग बुरो ।

- आफू राम्रो भए संसार राम्रो,आफू खराब भए संसार नराम्रो ।

१७५) काम न धाम ।

- काम पनि भएन तीर्थ पनि भएन ।

१७६) सिदा न बिदा ।

- सिदा पनि दिएन विदा पनि दिएन ।

१७७) औरनके आस, सदा उपवास ।

- अरुको आसमा सधैँ उपवास हुन्छ ।

१७८) कहुँ साँप लचै कहुँ बिल्लो लचै ।

- कही साँप झै कहिँ बिरालो झै ।

१७९) बनिगइ बात बनाएसे,दिन कटिगौ खिरा खाए से ।

- कुरा गर्दा गर्दै कुरा बढे,काँक्रा खाएर दिन वित्यो ।

१८०) बन जाए दुई पात लाए, गाँव जाए दुई बात लाए ।

- बन गइयो भने दुइटा पात ल्याइन्छ, गाँउ गइयो भने दुइटा बात ल्याइन्छ ।

१८१) अन्धराक् लात, कुबराक गुनै है ।

- अन्धाको लात्तो कुप्राको लागि गुन हुन्छ ।

१८२) कुल बोरा - कुलको बैरी ।

१८३) काम चोर - काम चोर ।

१८४) भुँइपणे सिरा सबाए ।

- भुँइमा सुत्दा सिरा सल्बलाउछ ।

१८५) बाँस काँसकी लकडी,एकै मोल विकास ।

- बाँस र काँस एउटै मूल्यमा बेचिनु ।

१८६) सात पाँचकी लकडी,एक मनइको बोझ ।

- पाँचसातवटाको लठ्ठी एउटाको भारी ।

१८७) गयल भैंस पानी मे ।

- भैँसीलाई पानी प्यारो ।

१८८) सुख निध सोत ।

- सुखमा मीठो नीद लाग्छ ।

१८९) घाँसका आँटी,गुजराती ताला ।

- थोत्रो घरमा महंगो ताल्चा ।

१९०) राम रटै भीक मागै ।

- राम रट्दै भीख माग्दै ।

१९१) साग हो त छौंकैं भिसौरीका छौंकैं ?

- साग भए त झान्ने, ठूलो भजालाभरि तिहुन के झान्ने ?

१९२) सिधराकी काँजी बनिया बानी, छौकै घ्युसे। जैहै जिउसे ।

- सिद्राको झोल बनिया(कन्जुस)को बानी घिउले झान्ने,जिउले पिउने ।

१९३) तै सेर त मै सवा सेर ।

- तँ सेर भए म सवासेर ( तँ भन्दा म के कम )

१९४) पढैन पिंजरा खाली करै ।

- नपढ्ने भए, पिंजडा खाली गर ।

१९५) पढैत पढै नाए त पिंजरा खाली करै ।

- पढ्ने भए पढ नत्र पिंजडा खाली गर ।

१९६) झगडा और रगडा ।

- झगडाले धेरै दुःख दिन्छ । झगडा र लफडा ।

१९७) रार से हार भली ।

- वेइज्जत हुनु भन्दा हार हुनु नै राम्रो हुन्छ ।

१९८) घरको रौरा बनको बौरा ।

- घरको साँढ बाहिर लाछी (काँतर )

१९९) बात नाए टेणी, बतकहिया टेँणो ।

- कुरा भन्दा कुरा गर्ने वाला टेढो ।

२००) बात का परकै, बातकी नोक परकै ।

- गुदी कुरा बुझ्नुपर्छ /सुनेर मात्र हैन बुझ्नु पर्छ ।

२०१) सुपोसे पठकै फफरा उड उड जाए ।

- नाङ्लोले फटकारेको फपटा यता उता फैलिन्छ ।

२०२) बिलैया देखके छिकोइ टुट पर्णों

- विरालो देखेर छिको (डोरीले बनाएको समान झुण्डाउने) छिन्यो ।

२०३) विपत्ति उठन्नदेए, सम्पत्ति बैठन्न देए ।

- विपत्तिले उठ्न दिन्न,सम्पत्तिले बस्न दिन्न ।

२०४) घुँटो से आँसु टपकतरहे ।

- घुँडाबाट आँशु बग्दै छ ।

२०५) पानी पनारैक जै है ।

- पानी ओरालो तिर नै लाग्छ ।

२०६) पानी नाए जै है प्यासो ठिना, जैहै प्यासोइ पानी ठिना ।

- जसलाई तिर्खा लाग्छ उही खोला धाँउछ ।

२०७) सुवाके अणबणानेसे बेर नाए पकत है ।

- सुगा आत्तिदैमा वयर पाक्दैन ।

२०८) न रै है बाँस न बाँसुरी बने है ।

- न बाँस न बाँसुरी ।

२०९) बासी रहैत कुत्ता खाए ।

- वासी रहे कुकुरले खान्छ । (नविग्रने)

२१०) नपो सुरुवा गिनी बुट्टी ।

- झोल(सुप) नाप्यो चोक्टा गन्यो ।

२११) कभी धूप कभी छाहीँ ।

- कहिले घाम कहिले छायाँ ।

२१२) ततो दूध हानी नउवाल बनत न घिंचितै बनत ।

- तातो दूध निल्नु न उकेल्नु ।

२१३) अल्लमल्ल गाँएँ अपनो लल न रखाएँ ।

- सबैकोसुन्ने आफ्नो धारणा नदिने ।

२१४) दुनिया हँसै हमारो घर वर्वाद करै ।

- दुनियालाई हसाएर घर वार्वाद गर्ने ।

२१५) पेट वणो बिसबास, गले लगाबै फाँसी ।

- पेट कै लागि गर्दा घाँटी फाँसी लगाउँछ ।

२१६) सुखेमे नैया चलाना ।

- सुख्खामा डुङ्गा चलाउनु ।

२१७) तनमे ना है लत्ता जान सोचो हे कलकत्ता ।

- शरीरमा छैन लत्ता,जान खोज्छ कलकत्ता ।

२१८) आवै त आम जावैत लबेदा ।

- आए आँप गए झटारो ।

२१९) अग्गु सोचके सदा सुखी ।

- अघि सोच्ने सदा सुखी हुन्छ ।

२२०) अनकर पावै त अलकतरो खावै ।

- सित्तैमा पाए अलकतरा पनि खान्छ ।

२२१) अगहन राजपुत,आहिर अषाढ ।

- भादौ भैंसंस चैतचमार ।

२२२) का बताम ? करमक बात ।

- के भनौ ? कर्मको खेल ।

२२३) का बताम करमको बात ? बेङ्गा मारक छर पके लात ।

- भाग्य बिग्रेका बेला सबैबाट हेपिन्छ ।

२२४) गोबर मैल पानीमे सडै, तौ खेतीमे दाना पर्डै ।

- गोबरमल पानीमा सडेपछि बाली राम्रो हुन्छ ।

२२५) आग्गु गेहुँ पाच्छु धान,जाको काहत है बडो किसान ।

- अघि गहुँ पछि धान,त्यसैलाई भन्छन् ठूलो किसान ।

२२६) अगहन वर्षे टुना।पुस वर्षे दून ।

- मंसीरमा भन्दा पुसमा बढी पानी पर्छ ।

२२७) चम्कौ पश्चिम उत्तर और, तौ जानौ बर्सात जोर ।

- उत्तर पश्चिम कुना बिजुली चम्क्यो भने धुमधाम वर्षा हुन्छ भन्ने जान्नू ।

२२८) शुक्करको बदरी छनिचरको छाहीँ, इतबारको वर्सी तौ बर्सी सोमको जायीँ ।

- शुक्रबारको बादल लागेर शनिबारमा फैलिन्छ र आइतबारमा वर्से बर्सिन्छ नत्र सोमबारमा हराँउछ ।


२२९) कौवा चलत है बतकी के चाल ।

- कागले हाँसको चाल चल्छ ।

२३०) मियाके दौड मस्जिदतक ।

- मियाके दौड मस्जिदसम्म ।

## ४.२ राना थारू उखानको वर्गीकरण




उखानहरू सबै भाषाका भाषिक सम्पत्ति हुन । यिनीहरूले अभिव्यक्ति लाई तिरखर पारेका हुन्छन् । रानाथारू उखानको व्यवस्थित एवं वैज्ञानिक अध्ययन नभई सकेको स्थितिमा अन्य भाषामा गरिएको वर्गीकरणलाई नै आधारमानी उपर्युक्त ४.१ मा रहेका

सङ्कलनका आधारमा रुपगत र विषयगत दृष्टिले ती उखानहरूलाई वर्गीकरण गरी राखिएको छ । रुपगत आधारमा शब्दशक्ति र संरचना तथा विषयगत आधारमा सामाजिक नीति चेतना खेतीपाती, खानपान, हास्यव्यङ्ग्य, जाति आदिका आधारमा राखी वर्गीकरण गरिएको छ ।

### ४.२.१ रुपात्मक वर्गीकरण

रुपात्मक वर्गीकरणमा उखानको रुप पक्षलाई हेरिन्छ । रुप उखानको मूल आधार हो । यस वर्गीकरण अर्न्तगत शब्दशक्ति मूलक र संरचनात्मक आधारमा हेरिएको छ ।

#### ४.२.१.१ शब्दशक्ति मूलक

सामान्यतया प्रायः सबै उखानले वाच्यार्थ भन्दा लक्ष्यार्थ बोध नै गराएको हुन्छ । तर पनि अन्य भाषाका उखानको वर्गीकरणमा अभिधामूलक र लक्षणमूलक गरी हेर्ने परिपाटीलाई अंगालेर सोही अनुसार राखिएको छ । अभिधामूलक उखानमा वाच्यार्थ ध्वनित् हुन्छ भने लक्षणामूलक उखानले सोझो अर्थ नबुझाई टेढो अर्थ अथवा घुमाउरो अर्थ ( लक्ष्यार्थ) व्यक्त गर्दछ । यहाँ स्पष्ट अर्थ दिने र घुमाउरो अर्थ दिने गरी राना थारू उखानलाई राखिएको छ ।

**अभिधामूलक**

आगु सोचै सुरवीर, पाछु सोचै गमार

चादर देखकै टाङ पसारौ

खेत विगाडै दोंदरा, चुगल विगाडै गाँओ

सच्चे गुरुके लगेहौं पाएँ, झुठे गुरुके देहौ गारी

बाप वडौ ना भैया सबसे बडा रुपैयाँ

**लक्षणामूलक**

कुइयांकी मुँणकी समुन्दरको काह जानै है

नाचन् नजानै, कहत आँगन टेणो

पजरत आगी सबकोई तापत, बुती आगी कोइ नातापत्

अँधियारेमैं लाठी चलाए

बाँदर खेत खाए, कुत्ता टाँगो जाए

### ४.२.१.२ संरचनात्मक वर्गीकरण

संरचना भन्नाले वाह्य तत्व भन्ने बुझिन्छ । राना थारू उखानको बनोट पक्षमा विविधता पाइन्छ । आकार, गठन लयात्मकता आदिका आधारमा रानाथारू उखानलाई वर्गीकरण गरिएको छ ।

**अ) गठनका आधारमा**

गठनका आधारमा राना थारू उखानलाई निम्न चार किसिमले वर्गीकरण गर्न सकिन्छ :

(क) पूर्णवाक्य

- धूरमें फन्दा लगिगौ ।
- लाखकी मडैया खाख हुई गई ।
- मौताहो सेरा गाउँमो जाकै फिकरै ।
- सौदाके इककल  नाएदेए, डलैयाभर सिधरे दैदेए ।

ख) अपूर्ण वाक्य

- इक्किला फुवा
- सोनोँ मे सुगन्ध
- हिम्मत से किम्मत
- जब तक साँस, तब तक आस
- जैसी देश बैसी भेस
- अगहन राजपुत, अहिर अषाढ, भादो भैंस चैत चमार
- सिदा न बिदा

ग) प्रश्नात्मक

भैंसीएक आगु के बेन बजाए ?

भृगन मारी लात किसुनको का घटों ?

भूतके घरमें कुहँ पुत पालो ?

एक आँखी त का आँखी ? एक लौंणा त का लौंणा ?

ए निनु । एकै कपडा त का तीनु ?

कौन पुछैत खुसरीक दार ?

घ) प्रश्नोत्तरात्मक

–का बताम ? करमक बात ।

–बाँदरा का जानै ? अद्रराको स्वाद ।

- का बताम करमको बात ? बेङगा मारक छरपके लात ।
- का ढँणत अँधरा ? आँखी

(आ) आकारको आधारमा

राना थारू भाषामा प्रचलित उखान हरू सबै एकै आकारका छैन्न् । कुनै उखान अति साना आकारका छन् । यहाँ केही छोटा आकारका र केही लामा आकारका रुपमा राखिएको छ ।

साना आकार

सिदा न बिदा

दूरको ढोल सोहाए

हिम्मत से किम्मत

कटों में नुन लगाए

नाम बडो दर्शन छोटो

लामो आकार

- पानी नाए जै है प्यासो ठिना जै है प्यासोई पानी ठिना ।
- अगहन राजपुत  अहिर अषाढ भादो भैंस चैत चमार
- सिंधराकी काजी बनिया बानी,छोकै घिउसे जै है जिउ से
- बन जाए दुई पात लाए, गाँव जाए दुईबात लाए
- हाँसै कुम्हणिया रोवै मलनिया, पतानाए उँट कौन करौट बैठ जाए ।
- इटक गै घिन्नो, मनाए नै छिन्नी

  निकरै गई घिन्नी भुलि गै छिन्नी

**ई) लय का आधारमा**

प्राय जसो उखानहरू लयात्मक नै हुन्छन् । तर पनि कतिपयमा अनुप्रास मिलेको हुन्छ भने कति पय सामान्य लयका हुन्छन् । यसरी हेर्दा राना थारू भाषाको उखानाई विशिष्ट र सामान्य गरी छुट्याउन सकिन्छ ।

सामान्य लय

–नौ दिन चलै अढाई कोश

–पथरा ढुँणत देवता मिलिगौ ।

–भुँखो बघटा घोंघा चबाए ।

–बनो भिखारी मागै फटक्के

**विशिष्ट लयात्मक**

– कबही गुरुक नौ सय चेला, कबही गुरु फिरै अकेला
– बाँदर खेत खाए, कुत्ता टाँगो जाए
– जौनक होए हजार, बा करै बजार
– इटकगै घिन्नी मनाए दै छिन्नी, निकरै गै घिन्नी भुली गै छिन्नी

## ४.२.२ विषयात्मक वर्गीकरण

उखान मानव सभ्यता निर्माणका अनुभवका सङ्क्षिप्त उक्ति हुन । यिनमा जीवन भोगाईका तीता मीठा अनुभवहरू थिग्रिएका हुन्छन् । कुनै उखानमा वाच्यार्थ प्रधान हुन्छ भने धेरै जसो उखानमा व्यङ्ग्यार्थ (लक्ष्यार्थ) प्रधान हुन्छ । जेसुकै प्रधान भएता पनि विषय भने अवश्य रहेको हुन्छ । यसरी नै राना थारू उखानमा पनि सामाजिक कुराहरू नीतिका कुराहरू कृषिका कुराहरू, जात पात, हाँस्य जस्ता विषयहरू रहेको पाइन्छ । प्रस्तुत रानाथारू भाषाका उखानका निजी विशेषताका आधारमा निम्नानुसारका उखानका विषयात्मक वर्गीकरण निम्न सात विषयका आधारमा गरिएको छ ।

–सामाजिक तथा नीति चेतना सम्बन्धी

–खेतीपाती सम्बन्धी

–ऋतु सम्बन्धी

–लोक विश्वास सम्बन्धी

–जीवजन्तु र पशुपन्क्षी

–हास्य व्यङ्गय सम्बन्धी

–जाति सम्बन्धी

### ४.२.२.१ सामाजिक तथा नीति चेतना सम्बन्धी

उखानहरूका विषयवस्तु सामाजिक हुन्छन् । समाजका मानिसको अनुभव नै उखानको श्रोतभएको ले रानाथारू समाजमा पनि आफ्नै चाल चलन, आचार विचार, नीति नियममा आधारित प्रशस्त उखानहरू रहेका छन् । बुढा पाकाका अर्ती–उपदेश ले उखानको रुप धारण गरेको पाइन्छ । राना थारू उखानहरू प्रायः जसो सामाजिक नीति चेतनाले भरिएका छन । यहाँ केही उखानहरू यस अर्न्तगत राखिएको छ ।

- आगै सोचै सुरवीर पाछु सोचै गमार
- बेर बेरकी लौङ्गन भली, एक बेर बकरा भलो
- पजरत आगी सब कोई तापतु , बुती आगी कोई ना तापत
- ज्ञानीको ज्ञान, असुरवादको टौंटका
- घटन्तु विद्या खुदन्त खेती
- मख्खी ढुणै घाव, ढाइंया ढुणै दाव
- औरेके ताँही गड्डा खोदत, अपने ताही कुइंया तैयार
- जैसो धाबओ उइसी पाई

### ४.२.२.२. खेतीपाती सम्बन्धी

रानाथारूहरूको मुख्य पेशा कृषि हो । सायद यसैले होला रानाथारू उखानमा खेतीपाती सम्बन्धी विषयवस्तु प्रशस्त भेटिन्छन् । खनजोत बाट खेती सप्रने, बेलैमा खेती लाउनु पर्ने, मल पानीको प्रयोगबाट बाली सप्रने, खेती बाली मा निरन्तर धाउनु र ध्यान दिनु पर्ने जस्ता कुराहरू रानाथारू उखानमा पनि पाइन्छन् । यस्ता विषयका केही उखानहरू :

- घुटन्त विद्या खुदन्त खेती
- गोबर मैल पानीमें सडै, तौ खेतीमे दाना पडै

- आग्गु गेहुँ पाच्छु धान, सोको कहत है बडो किसान
- गेहुँक पाछु घुनौ पिसत
- रकम पुगी बजारमे घर बैठो ताडै
- सोअराक देखके भलुवा खेत खाई
- होनहार विरुवाक चिक्ने पत्ता
- खेत विगाडै दोंदरा चुगल विगाडै गाँव
- चिरैया चुग्गै खेत फिर पाछु पछिताए

### ४.२.२.३ ऋतु सम्बन्धी

रानाथारूहरूका उखानमा मौसम सम्बन्धी वा ऋतु सम्बन्धी उखानहरू पनि प्रशास्त भेटिन्छन् । यस भाषाका निम्न उखानहरू लाई ऋतु सम्बन्धी उखानमा राख्न सकिन्छ ।

- अगहन वर्षे टुन, पुस वर्षे दुन
- चमक गौ पश्चिम उत्तर ओर तो जानो वर्सात जोर
- शुक्करको बदरी छनिच्चरको छाँही, इतबारको वर्सी तो बर्सी सोमको जायी

### ४.२.२.४ लोक विश्वास सम्बन्धी

परम्परागत मूल्य र मान्यता, पाप धर्म प्रतिका धारणाहरू राना थारूका उखानका विषय छन् । तलका केही उखानका विषय छन् । तलका केही उखानहरूलाई त्यस्ता उखानभित्र राख्न सकिन्छ ।

पाप छप्पर से पुकारत है

धन जावै त जाए पर धर्म नजाए

भूतके घरमे कहीं पुत पालो

रार से हार भली

बिना मरे सुरग देखन ना मिलत हे

झोपडी छोडके का होत खोपणीत सँगै है

बेर बेरकी नौङ्गन से एक बेरकी बकरा भलो

### ४.२.२.५ जीव जन्तु र पशपुक्षी

रानाथारू उखानमा तराईतिर पाइने पशुपंक्षी र जीवजन्तुको प्रयोग प्रशस्त मात्रामा भएको भेटिन्छ । हात्ती, घोडा, कुकुर, बिरालो, भैंसी, स्याल आदि जनावर र सुगा, भंगेरा, कौवा, तित्रो आदि जस्ता पंक्षीहरूको प्रयोग भएका उखानलाई यस वर्गमा राख्न सकिन्छ ।

- कौवा चलत है, बतकी के चाल
- बाँदरा खेत खाए, कुत्ता टाँगो जाए
- चिरैया चुग्गै खेत, फिर पाछु पछिताए
- बेरबेरकी लौङ्गन भली एक बेरको बकरा भलो
- काला अक्षर भैंस बराबर
- कारी गैंयाको कबरै बच्चा हुई है, कबरा ना हुई है त टिकुवा जरुरै हुइ है
- बकरियां की पुंछ कटी बकराको बन बैठी
- हाँथिएक मुहम केरा
- जिउँ जिउँ मुर्गी मोटी, तिउँ तिउँ गाँण छोटी
- जब तक उँट पहाड तरे नाए जात है त, सोचत है मही ढैंगो
- लाद कुदत घोडा कुदतै नाए
- सोराक देखके भलुवा खेत खाई
- भुंखो बघटा घोंघा चबाए
- जलमें बैठक मगरमच्छ से बैर नकरनो चाहिए
- कौवा करनिसे कहीं ढोढं फटी
- तितुर सबके भितुर

### ४.२.२.६ . हास्य व्यङग्य सम्बन्धी

राना थारू भाषामा प्रशस्त हाँस्य व्यङ्ग्य सम्बन्धी उखान हरू भेटिन्छन् । कतिपय झट्ट हेर्दा अश्लीलता देखाउने भए पनि ती तीव्र व्यङ्ग्यात्मक हुन्छन् र हास्य पनि हुन्छन् । हुन त प्राय सबै जसो उखानमा व्यङ्ग्यत्मकता हुन्छ नै त निम्न केही उखानहरूलाई यस अर्न्तगत राख्न सकिन्छ ।

- लाद कुदत घोडा कुदतै नाए
- जिउँ निउँ मुर्गी मोटी तिउँ तिउँ गाँण छोटी

- घाँसक आँटी गुजराती ताला
- घुँटो से आँशु टपकत रहे
- बिलैया देखके छिकोई टुट पणो
- सुखमें नैया चलाना
- बात नाए टेणी बतकहिया टेणों
- भुँखो बघटा घोंघा चबाए

### ४.२.२.७ जाति सम्बन्धी

राना थारू समुदायम जाति सम्बन्धी धारणाहरू पनि फाटफुट रुपमा रहेको पाइन्छ । जातिगत आधारमा त्यति धेरै उँचनिचको भावना नभए पनि अन्य जातिको यस्तो धारणा केही मात्रामा यिनीहरूमा पनि देखिन्छ भन्ने कुरा जाति सम्बन्धी निम्न उखान ले देखाउने भएकाले यस सम्बन्धी वर्गीकरण गरेर हेरिएको छ ।

- कुत्ता धोबीको, घरको न घाटको
- बनो भिखारी मागै फटककै
- चमारको लौंणा बरगेली से कहुँ पेट भरो ?
- भाण ही कुतिया जलेबोकी रखबारी
- सिधराकी काजी बनिया बानी छोकै घिउसे जै है जिउ से
- नाउ, धोबी, दर्जी तीनौ जात अलगर्जी
- मियाके दौड मस्जिद तक
- सुनराकी खुटुक्क खुटुक्क, लोहराकी घम्म

## ४.३ राना थारू उखानको विश्लेषण

उखानको आन्तरिक र बाह्य मर्म केलाउने काम यसको विश्लेषण हो । विश्लेषण बिना यसका गुदी कुराहरू थाहा पाउन सकिंदेन । माथि संकलित उखानको गुदी थाहा पाउन पनि यिनीहरूको विश्लेषण अर्थात चिरफार गर्नु आवश्यक हुन आउँछ । त्यसैले रानाथारू भाषाका उखानहरूको अर्थ स्पष्ट पार्न यहाँ निम्न तीन आधारमा विश्लेषण गरिएको छ ।

- मौलिकताको आधारमा
- संरचनाको आधारमा
- विषयवस्तुको आधारमा

### ४.३.१. मौलिकताको आधारमा

माथि सङ्कलन गरिएका रानाथारू भाषाका उखानहरूलाई केलाउँदा रानाथारू भाषाका भण्डार भित्र मौलिक राना थारू उखानका साथै थारू इत्तर भाषा बाट आएका उखानहरू पनि प्रशस्त छन् । यसमा खास गरेर हिन्दी भाषाबाट कतिपय जस्ताको तस्तै आएका देखिन्छन् । भने अवधी र नेपाली भाषाबाट पनि आएका छन् । यसरी अन्य भाषा खास गरी छिमेकी भाषा जस्तो नेपाली र हिन्दीको प्रभाव परेको पाइन्छ । 'एक पन्थ दुई काज ' यो उखान नेपाली मा र राना थारूमा कतै फरक छैन । यसमा फरक खोज्ने हो भने केबल उच्चारणबाट वा प्रस्तुतिबाट प्रयोक्ताले कुन भाषाको उखान भनी रहेको छ थाहा पाउन सकिन्छ ।

त्यस्तै हिन्दी भाषामा प्रयुक्त उखानहरू पनि रानाथारू उखानमा परेका छन् । यसका लागि अन्य भाषाका उखानहरूको प्रशस्त अध्ययन नभैकन कसको प्रभाव कता परेको भन्न अप्ठ्यारो छ । यसरी हेर्दा संस्कृत भाषाका उखानहरूका छिर्का पनि यस भाषामा पाउन सकिन्छ । जस्तोः 'घुटन्त विद्या, खुदन्त खेती' । यस्ता अन्य कतिपय उखान पाउन सकिन्छ । जसमा संस्कृत तत्सम शब्दहरू पनि छन् । यी कुराहरू बाट के भन्न सकिन्छ भने अरु भाषाका उखानमा झैँ यस भाषाका उखानहरू पूर्ण रुपले मौलिक छैनन तथापि विषयवस्तु, संरचना भाषा र भावमा निख्खर राना थारूपना पाइने उखानहरूलाई मौलिक रानाथारू उखान मान्न सकिन्छ ।

रानाथारू भाषामा प्रशस्त मौलिक उखानहरू छन् । माथि सङ्कलित उखानहरूलाई हेर्दा थुप्रै मौलिक उखान भेटिन्छन् । उदाहरणका रुपमा 'बनो भिखारी, मागै फटककै' लाई हेर्न सकिन्छ । यसको विषयवस्तु भिखारी नै हो । जब राना थारू समाजमा अन्य जातिहरूको घुलमिल भयो त्यस पछि त्यहाँ भिखारी बनेर माग्ने प्रथा शुरु भयो । सोझो स्वभावका राना थारूहरू माग्नेलाई धेरै दिनु पर्छ भन्ने ठान्थे । यही सोझोपनको फाइदा उठाउँदै विशेषतः पहाडी मुलुक मानिसहरू दिनभरी रानाथारू गाउँ डुल्ने र बेलुका बिहानको गुजारा गर्नेहरू हुँदाहुँदा नाङलोले निफनेर (केलाएर) देऊ भन्न थाले । त्यसपछि

आर्जित भएपछि उनीहरूले यसो भन्न थाले बनो 'भिखारी मांगै फटक्के' । 'माग्नेलाई सग्ला चामल' भन्ने नेपाली उखानसँग यसको भाव ठ्याक्कै मिल्न जान्छ जुन ग्रामीण यथाथैता हो ।

त्यस्तै अर्की उखान 'नट्टी देखकै कौरा निलो जात है ' (घाँटी हेरेर गाँस निल्नुपर्छ ) हुन त यही भावका उखान अरु भाषामा पनि छन् तर यो सबैको अनुभव भएकाले यसमा सबै शब्द र वाक्य बनोट एवं भावमा राना थारूको आफ्नैपन छ । अरुको देखासिकी र नक्कलले यो समाजका मानिसहरूमा प्रशस्त गरिबी आयो । आफ्नो खर्च गर्ने हैसियत भन्दा बढी खर्च हुन थाल्यो र आफ्नै निजी अनुभव स्वरुप स्वाट्ट मुखबाट निस्केको हो यो उखान यसमा नितान्त मौलिकता छ ।

रानाथारू हरूको परिवार ठूलो हुन्छ । त्यहाँ थोरैमोरै खाना पकाएर पुग्दैन र मीठो खाने इच्छा भएर पनि पुऱ्याउन गाह्रो पर्छ । मीठो चोखो तरकारी खाने इच्छा त कसलाई हुँदैन र ? परिवार ठूलो आम्दानी कम हुँदा हरेक कुरा थोरै उपभोग गर्नु पर्ने त्यो समाजको यर्थाथता हो जुन कुरालाई यो उखानले मौलिक रुपमा पुष्टि गरेको छ । 'साग होए त छोकैं, भिसौटीक का छोकैं ? थोरै तरकारी भए त मरमसला ले झान्ने तर ठूलो भजाला भरि तिहुनलाई के झान्ने ? ठूलो परिवार राना थारूहरूको मौलिक पहिचान हो र उपर्युक्त उखानले ले त्यही कुराको पुष्टि गर्छ । किनकी ठूलो परिवारमा तरकारी धेरै पकाउनु पर्ने र जस्तो भए पनि मीठै मानेर खानुपर्ने यर्थाथता उखानमा स्पष्ट झुल्किएको छ ।

त्यस्तै अर्को मौलिक उखानलाई यसरी केलाएर हेर्न सकिन्छ, जस्तै –'पराई कुठियाको, टेणाँ आनो' -(अर्काको कोठी धान चामल राख्ने) को टेढो प्वाल छ भन्नु) यसले धान चामल राख्ने भाँडो जो माटोले बनाइएको हुन्छ र त्यसको तल्लो भागमा सानो प्वाल हुन्छ । त्यस प्वालबाट आवश्यकता अनुसार चिजवस्तु झिकेर उपयोग गर्ने चलन रानाथारू समाजमा अहिलेसम्म पनि छ । कसैलाई पनि त्यति सजिलै केही कुरा दिइँदैन । अरुसँग भएको वस्तुको आश गर्नु हुँदैन । आफ्ना आवश्यकताको कुराहरू आफै जोरजाम गर्नु पर्छ भन्ने भावनालाई यथार्थ रुपले व्यक्त गरेको उक्त उखानले अरुसँग भएको कोठी भरिको चामल आउने प्वाल टेढो भएकाले आफुलाई चाहिएको बेला हत्तपत्त झर्दैन । त्यसैले आस गर्नु बेकार हो भन्ने अर्थ दिन्छ । यसैले गर्दा राना थारूहरू प्रायः हरेक कुरामा आत्मनिर्भर हुन प्रयास गर्छन र अरुको आस त्यति गर्दैनन् । यो स्वाभावलाई उखानले बताएको छ ।

जुन राना थारूहरूको मौलिक पहिचान हो । यसले पनि के बताउँछ  भने रानाहरूको भाषामा प्रशस्त मौलिक उखानहरू छन् ।

यस किसिमका मौलिक उखानहरू प्रायः सरल हुने गर्छन एवं स्वभाविक, हार्दिक एवं लयात्मक पनि भएकाले यी माथि सङ्कलित उखानहरू धेरै जसो उनीहरूकै सेरोफेरोका छन् ।

रानाथारू भाषामा अन्य भाषाका उखानहरू सरेका छन् भन्ने कुरा माथि चर्चा गरिसकिएको छ । उसलाई तीन किसिमबाट हेर्न सकिन्छ – १. अन्य भाषाको जस्ताको तस्तै रुपमा प्रयोग भएका २. शब्दको हेरफेर भई प्रयोग भएका ३. तात्पर्य अर्थमा मात्र रानाथारू भाषाले ग्रहण गरेको । यी माथिका तीनै किसिमका उखानहरू राना थारू भाषामा छन् र यिनलाई आगन्तुक उखानको दर्जा दिन सकिन्छ । 'एक पन्थ दुई काज, सोने मे सुगन्ध, काला अक्षर भैंस बराबर, जस्ता उखानहरू पहिलो दर्जाका हुन् भन्न सकिन्छ । त्यसरी नै 'धन जावै त जावै पर धर्म नजावै ' पाप छप्पर से पुकारत है ' जस्ता उखानहरू नेपालीका धन गए जाओस, तर धर्म नजाओस र पाप धुरी बाट कराउँछ भन्ने उखानका भाषामा शब्दान्तर मात्र भएर आएका दाश्रो श्रेणीका हुन् र यस्ता अन्य उखानहरू पनि पाउन सकिन्छ ।

त्यसैगरी हिन्दी, अबधी, नेपाली, अन्य थारूजातिका जस्तै तात्पर्य उही आउने गरी आएका छन् । 'दुःखमे दोहा''घरकी मुर्गी साग बराबर''मरे पुतक बडबडआँखी' जस्ता उखानहरू दुखमे दोहा, घरकी मुर्गी दाल बराबर हिन्दीका र 'फुत्केको माछो ठूलो' नेपाली उखानका तात्पर्य उही भएर प्रयोग भएका छन् ।माथिका तीनवटा उखानमध्ये एउटा लवजमा 'दुखमे का ठाउँमा 'दुखमें' दोस्रोमा 'मुर्गीका ठाउँमा 'साग' तेस्रो चाहिँ शब्दमा पुरै फरक भएपनि भावार्थमा उही रुपमा आएको देखिन्छ । यी यस्ता खाले उखानहरू रानाथारू भाषामा प्रशस्त पाइने हुँदा नेपाली वा अन्य हिन्दी, अबधीको प्रभावबाट नेपाली, हिन्दी आदिका उखान बनेका हुन् भन्नेप्रश्नको जवाफ दिन निकै अप्ठ्यारो छ । तर पनि नेपाली, हिन्दी भाषाहरू रानाथारू भाषाका तुलनामा विकसित भाषा भएकाले यिनै भाषाबाट रानाथारू भाषाले ग्रहण गरेको हुन सक्छ भन्न सकिन्छ ।

यसरी राना थारू भाषामा प्रशस्त मौलिकता बोकेका उखानहरू छन् र यो भाषाले कतिपय अन्य भाषाका उखानहरूलाई पनि आत्मसात गर्ने क्षमता राख्दछ । रानाथारू

भाषाले मौलिक उखानहरूबाट प्रशस्त गौरव मान्ने ठाउँ सुरक्षित राखेको छ ।आफ्नो भाषाको लोकसाहित्यलाई सुदृढ बनाएको छ ।

### ४.३.२ संरचनाका आधारमा विश्लेषण :

उखान भाषाको माध्यमबाट प्रकट हुने हुँदा उखानको संरचनामा भाषाले अहम भूमिका खेलेको हुन्छ । यसैका आधारमा शैली र स्वरुप निर्धारण भएको हुन्छ । उखानको संरचना पक्षलाई केलाउँदा यसका सबैजसो अध्यताले भाषाशैली र स्वरुपको चर्चा गरेको पाइन्छ ।त्यसैले यहाँ पनि रानाथारू भाषाका उखानहरू यिनै दृष्टिबाट केलाउने काम गरिएको छ ।

सङ्कलित रानाथारू उखानलाई हेर्दा प्रायजसो चन्द्रबिन्दुको प्रयोग अधिक देखिन्छ । जस्तै लौँणियाँ, लौँणा, हाँथि, कहुँ, पुँछत, जिँउजिउँ, गाँव, गैँया, साँस, ठुँणन आदि । यस्ता अरु पनि थप्रै उदाहरण पाउन सकिन्छ । त्यस्तै नेपालीका ‘छ’ प्रत्ययका ठाउँमा ‘ऐ’ लाग्ने गरेको देखिन्छ । जस्तै :-

सोचै, डाँटै, नजानै, आदि ‘ण’ ध्वनीको प्रयोग अधिक ‘ड’को विकल्पमा हुने गरेको पाइन्छ, जस्तै लौँडा-लौँणा, ढुँणै-ढुँडै । अकरण ‘न’ को प्रयोगमा नाए गर्छ, आन्छ जस्ता न्म्नि आदरर्थी क्रियामा धातु पछि (कर+अत्) अत् जोडेर करत खात बनाइहै जोडेको पाइन्छ । वुकार्छ-पुकारत है यस्तै क्रियापदहरूको उदाहरण हो । नेपालीको विभक्तिका लागि ‘क’ को प्रयोग भएको पाइन्छ, जस्तै ‘दुधक् दुध, पानीक पानी छुटियानो ’ उखानमा दूधक्-दूधको पानीक्-पानीको अर्थमा आएका छन् ।शब्दान्तमा ‘अत’ ‘क्’ ‘एत्’ जस्ता प्रत्ययहरू भाषा प्रयोगमा बढी भेटिन्छन् ।

शब्दका तहमा कतिपय हिन्दीबाट आएका तर सामान्य रुप परिवर्तन भएका पाइन्छन् जस्तै लौन्डा-लौँणा, हाथी- हाँथी, पकड-पकर आदि । संस्कृतका शब्दहरू तत्सम रुपमै पनि भेटिन्छन् विद्या, मुवा, मनै, पाप, धर्म, देवता, भृग, राज, जग, भलो, धाम, काम, तन र बिदा आदि यसका उदाहरण मात्र हुन् ।

रानाथारू भाषामा नेपाली भाषाका शब्दहरू प्रशस्त छन् । यी सङ्कलित उखानहरूमा चोर,सिदा,साग हार, बात,बाँस, काँस, बसी, दून, धोबी, दर्जी, कौवा, डर जस्ता अनगिन्ती शब्दहरू त झनै अनगिन्ती छन् रानाथारू भाषामा शब्दका तहबाट हेर्ने हो भो यसको निकटता हिन्दी अवधी र नेपाली संग मिल्छ भने मौलिक शब्दहरू पनि भारोपेली

खलक भित्रैका छन् । मर्द, सच्चे,भुठे, भोर, समुन्दर, भैंस, कुत्ता, बन्दर, गड्डा, मुर्गी, भिखारी,लडकी, आदि शब्दहरू ाहिन्दी- अवधी भाषामा प्रयोग हुने शब्द हुन् र यहाँ पनि समानअर्थमा आएका छन् ।

उपर्युक्त बाहेक रानाथारू भाषाका भर्रा वा ठेट शब्दहरू पनि छन् जुन स्थानीयतासंग नजिक छन् । जस्तै डगर (बाटो), हर (हलो), थरिया (थाल), लख्टा (अगुल्टो), गुठलि (बियाँ), दाइया (दुश्मन), सैदा (हसम), तरे (तल), खात् (खान्छ), स्यारक(शत्रु), आरक (आफ्ना, दाजुभाइ) बघटा (बाघ), पुरोउल (पण्डित), नट्टी (घाँटी), कौरा (गाँस), मुँणकी (भ्यागुतो), कुइयाँ (कुवा), पलै (हाँगा), ठिना (ठाउँ), अगहन (मंसीर), माह(माघ), कुँवार (असोज) आदि शब्दहरू रानाथारू भाषाका आफ्ना शब्दहरू हुन् । यस्ता भ,र्रा शब्दहरूमा पनि यो भाषा सम्पन्न छ भन्न सकिन्छ ।

वाक्य तहबाट पनि उपर्युक्त सङ्कलित उखानहरूको संरचना केलाउन सकिन्छ। यसरी हेर्दा क्रियानभएका अपूर्ण वाक्य जस्तै 'बँदरक हाथम नरिवल,काम न धाम,सिदा र बिदा,घुरन्त विद्या। खुदन्त खेती, जस्ता उखानहरू रुप पक्षबाट साना आकारका छन भने पूर्ण वाक्यका उखानहरू पनि प्रशस्त भेटिन्छन् । 'घरघोडी, पायुन चलै' (घरमा घोडा हुँदाहुँदै पैदल हिंडछ), 'नाचन नजानै कहत् आँगन टेंणो' (नाच्न जान्दैन, आँगन टेढो छ भन्छ) यी पूर्ण वाक्यमा छन भने प्रश्नात्मक वाक्यका दृष्टिले पनि कतिपय उखानहरू पाइन्छन् जस्तै चन्दनकी चुफ्री(टुक्रो) भलीका गाडीभर काठ ? चन्दनको टुक्रो नैउत्तम, गाडाभरि काठको के काम ? आँधिक आग्गु कहुँ बेना चलो ? आदि ।आकारका दृष्टिबाट हेर्दा माथि वर्गीकरण उल्लेख गरे भैं अति छोटा दुई तीन शब्दका कुल बोरा,काम चोर, जस्ता दुइ शब्दका र अति लामा 'इटक गै घिन्नी मनाए दै छिन्नी, निकरै गई घिन्नी भुलि गै छिन्नी ' जस्ता १२ ओटा शब्दसम्म लामा उखानहरू छन् (प्रचलनमा अभ्न यो भन्दा पनि लामा उखान हुन सक्छन् )

शैली पक्षबाट हेर्दा लयात्मकतालाई बढी जोड दिनुपर्ने हुन्छ । रानाथारूले उखान भन्दा जुन सुकै उखान पनि लयात्मक सुनिन्छन् । बनोट हेर्दा शब्द-शब्दमा अनुप्रास मिलेका र अन्त्यमा अनुप्रास भएका उखानहरू पनि छन भने सामान्य वाक्यात्मक रुपमा उखानहरू रहेका छन् । जस्तै 'अन्धराक लात कुबाक गुनै है ।' यो सामान्य लय भएको उखान हो भने 'मन चङ्गा कठोठीम् गङ्गा 'अगहन वर्से टुन पुस बर्से दून' दुनिया हँसै, हमारे घर बसै'

जस्ता उखानहरूमा चङ्गा-चङेगा, टुन-दूनाहँसै-बसै जस्ता शब्दहरूका अन्त्यमा अनुप्रास मिलेकाले उखानलाई लयात्मक बनाइदिएको छ ।

झट्ट हेर्दा कतिपय उखानमा लयात्मक तत्वको अभावजस्तो देखिए पनि उक्तिवैचित्यले तिनलार्य लयात्मक बनाइदिएको हुन्छ । झन रानाथारू भाषाका उखानहरूमा यो पक्षले अभिव्यक्तिलाई सशक्त बनाएको छ "चमारको लौँणा,बरगेली (फिस्टो) से कहुँ पेट चरी ?" उखानमा उक्ति वैचित्यले नै यसलाई अभिव्यक्ति निख्खर बनाइदिएको छ । सामान्यतया उखानहरू संरचनाका दृष्टिले छोटै हुने गर्छन् तर रानाथारू भाषामा कतिपय लामा पनि पाइन्छन् । यसरी रानाथारूका भाषामा रहेका उखानहरूलाई माथिका आधारभन्दा अझ अन्य संरचनाहरूलाई विश्लेषण गर्नु हावश्यक छ । यसका लागि यो भाषाको पर्याप्त अध्ययन हुनु आपश्यक छ ।

### ४.३.३ विषयवस्तु आधारमा विश्लेषण

रानाथारू भाषाका उखानहरू विभिन्न विषयसँग सम्बन्धित छन् । विषयात्मक वर्गीकरणमा यो कुरा प्रष्ट भइसकेको छ । समाजका विविध विषयलाई समेटेका रानाथारू भाषको उखान साँच्चै समृद्ध छ । ती उखानले समेट्ने सबै पाटोको विश्लेषण सम्भवनभएता पनि वर्गीकरण खण्डमा गरिएको व्याख्याले केही कुरा थाहा पाउन सकिन्छ । यहाँ माथि 'उखानको सङ्कलन' खण्डमा सङ्कलित उखानलाई आधार मानी विषयगत आधारमा विश्लेषण गरिएको छ ।

खेतीपातीका कुराहरू रानाथारूको आफ्नो मुख्य पेशा भएकै कारण हुनसक्छ प्रमुख रुपमा उठेका छन् । यसैले 'घुटन्त विद्या,खुदन्त खेती' भनेर जति राम्रोसँग खनजोत गऱ्यो खेती त्यतीने राम्रो हुन्छ भनिएको छ । गोबर-मल खेतबारीमा जति राम्ररी भिज्छ अन्नबालीको छाना पुष्ट हुने कुरा 'गोबरमैल पानीमे सडै,तो खेतीम दाना पडै' उखानले खेतीपातीमा मलखादको प्रयोगको महत्वलाई प्रकाश परिएको छ । हुनपनि जमिनको उर्वरापन नास हुँदै गइ रहेको वर्तमान परिप्रेक्ष्य गाईबस्तु पाल्ने र बढी भन्दा बढी गोबरमल (कम्पोस्ट मल) नै प्रयोग गर्नु अति जरुरी छ । यसकुरालाई उक्त उखानले थोरैमा धरै बताएको छ । गहुँ बेलैमा छर्नु पर्ने र धान पछि ढिला गरेर छर्नु पर्ने कुरामा जोड दिदै 'आग्गु गेहुँ पाछु धान,जाको कहत् है बडो किसान 'भनेर राम्रो किसान बन्न अर्ति दिएको छ, उखानले । तराईतिर चैतमा लु चल्न शुरु हुन्छ । ढिला छरेको गहुँ लुले समय नपुग्दै

सुकाइदिन्छ र राम्रो दाना लाग्दैन त्यस्तै धान पहिला रोपियो भने झार बढी आँउछ । झारले खतम पार्छ र धानमा रम्रो बाला लाग्दैन । यस्तो कुरामा ध्यान पु¥याउन उखानले सन्देश दिएको छ ।

"खेत विगाडै दौँदरा चुगल विगाडै गाँव" भनेर नदीबाट निस्कने खोल्साखाल्साको नियन्त्रण गरेर खेतलाई बचाउनु पर्छ ।खेती योगय जमिनको नोक्सान हुन नदिन उपर्युक्त उखानले सतर्क गराउन खोजेको छ । त्यस्तै चुकलीबाजले सारा गाउँ बिगार्ने हुँदा व्यस्तताबाट पनि सबै सतर्क हुनुपर्छ भनने कथ्य विषय उखानमा रहेको छ । तराईतिर बनेलले खेती नोक्सान गर्ने कुरा उखानमा पाइन्छ ।अन्नबाली निकाली सकेपछि बजारमा बेच्न लैजाने र बजारमा अन्न पु¥याएपछि होइन पहिले नै दर भाउ निश्चित गर्नु पर्छ भन्ने विषयलाई' रकम (खाद्यन्न)पुगी बजारमै घर बैठो ताडै'( बजारमा अन्न पुगी सक्यो भाउताउ गर्दै घरैमा बस्नु ) भन्ने उखानले व्यक्त गरेको छ ।

चराले खेतीबाली नष्ट गरीसकेपछि पछुताएर के हुन्छ र भन्दै चराचररुङ्गबिाट खेतीपाती जोगाउने कुराहरू पनि उखानका विषयवस्तु बनेका छन् । गाउँमा बिनसितीमा डुलेर नचाहिदा कुरा र अवगाले आउँछ, बरु त्यो भन्दा त वनतिर गयो भने काठ,दाउरा स्याउलाम्याउला आउँछ भनेर उखानमा वनतिर जाने र खाली नबस्ने जस्ता विषयवस्तु अघि सारेको पाइन्छ । खेतीपातीसँग सम्बन्धित विषयवस्तु हरू रानाथारू उखानमा प्रशस्त छन् ।

घर पालुवा जीवजनावरहरू गाई,भैंसी, राँगा, गोरु, कुकुर, विरालो, कुखुरा,हाँस, घोडा गधा मयुर,भेडा, बाख्राका अतिरिक्त जङ्गली जीवजनावरहरूमा बाघ,हात्ती,बँदेल(बनेल),भालु, स्याल छेपारो,जुका जस्ता विषयहरू उखानमा समेटिएको पाइन्छ । घरेलु वा वनेलु जीवहरूसंग प्रत्यक्ष अप्रत्यक्ष सम्बन्ध रहने तथ्य प्रष्ट हुन्छ ।

खनेकराहरू साग,तिहुन,तरकारी,माछा मासु,दुध,दही,रक्सी,दारु ज्स्ता विषयहरूका साथै फलफूल आँप, केरा, अङगुर जस्ता विषय पनि उखानका विषय बनेका छन् । यसबाट यी र यस्ता अन्यान्य विषयवस्तुसंग रानाथारू समाजको मोह हुने कुरा आँफै व्यक्त भएको छ । मानिसको जीवन संधै एकनासको रहँदैन । कभी धूप कभी छाँही भनेर जीवनलाई सन्तुलित बनाउने र जान्ने वुझ्ने मान्छेले अघि सोच्छ र मूर्खले पछि सोच्छ भनेर नैतिकताको पाठ सिकाउने उखानहरू प्रशस्त पाइन्छन् । 'परोसिक हुइ लगिए' भनेर छिमेकी को महत्व

बताउन खोजिएको छ । सहयोगको लेनदेन छिमेकमा हुन्छ साथै थर्नुपर्छ भनेर उखानलेभनेको छ ।

मान- सम्मानका कराहरू पनि राना थारू समाजमा रहेको छ । 'मानक बिरा हिरा समान' सानै चिज किन नहोस् सम्मानका साथ दिइन्छ भने त्यो हीरा जत्तिकै मूल्यवान हुन्छ भन्ने मान्यतालाई उखानले बोध गराएको छ ।

बिहाबारी वा कामको चटारोमा दिशा गर्ने फुर्सद हुँदैन तर त्यही बेला दिशा लाग्यो भने काकम वर्बाद हुन्छ भन्ने कुरा उखानमा पाइन्छ, जस्तै-हगनत पेती गतियास मारै ( लगनको बेला हगन) 'मखमा रामराम बगलीमा छुरा 'गर्ने हरू बाट समाज र आफूलाई बचाउनु पर्छ । अरुलाई खाडल खन्ने आँफै गहिरो इनारमा फस्छ भन्दै कसैको कुभलो चिताउनु हुदैन । समाजमा मेलमिलाप राख्नुपर्छ भन्ने स्वर उखानले व्यक्त गरेबाट सामाजिक एकता र सदभाव प्रति जोड दिने रानाथारूको स्वभाव हुन्छ भन्ने बुझ्न सकिन्छ । शोषण र अन्यायका विरद्ध न्ययिक समाज स्थापना गर्ने तर्फ पनि उखानका झिल्का भेटिन्छन् । 'एक पडै दुई लटकैं ' भनेर एउटा गल्ती गर्दा धेरैले दुख पाउँछन् भनिएको छ । यसको मतलब गल्ती गर्नु हुँदैन भन्ने मान्यता यो समाजमा रहेको छ भन्ने बुझ्न सकिन्छ ।

ज्ञान गनिका कुरा, अर्ति उपदेश, शिक्षा आर्जन जस्ता कुराहरू रानाथारू उखानभित्र पाउन सकिन्छ । तर पनि शिक्षालाई विषयबस्तु बनाएका उखानहरू भने त्यति पाँइदैनन् जसरी नेपालीमा पाउन सकिन्छ । कन्जुस्याइँ प्रति व्यङ्ग्य गर्दै 'जिउँ जिउँ मुर्गी मोटी, तिउ गाँवा छोटी ' जति सम्पन्न भयो व्यक्ति त्यती दरिद्रता वा कन्जुस्याइ देखाउनु हुँदैन बरु उदार बन्नु पर्छ भन्ने धारणा राख्छन् । उक्त उखानले त्यही पुष्टि गर्छ ।

जातजाति व्यवस्थामा त्यति विश्वास नगर्ने भएतापनि उखानमा अहिर, राजपुत, चमार, भाँण सुनार, लोहार, दर्जी, धोवी, बनियाँ, जस्ता जातीय कुराहरू आएबाट अन्य समाजका मानिसहरू रानाथारू समाजमा फाटफुट प्रवेश गरेको तथ्यलाई स्वीकार्न सकिन्छ । अन्य समाजमा हेपिने गरेका जातिहरू यो समाजमा पनि हेपिएकै छन् भन्ने कुरा उखानका विषयको अध्ययन गर्दा थाहा पाउन सकिन्छ ।

लोकविश्वासका विविध विषयवस्तुहरू रानाथारू उखानमा धेरै नै भेटिन्छन् । देवता। भूत पाप,धर्म,राम कृष्ण आदि विषयले यसको पुष्टि गर्छ । यसबाट उनीहरू स्वर्ग-नर्क, पाप-धर्म ईश्वरीय शक्तिमा अति विश्वास गर्छन भन्न सकिन्छ । रामायण महाभारत पुराण जस्ता हिन्दू गन्थ्रहरूका छिर्का उखानमा भेटिने भएकाले हिनदू संस्कारभित्र रहेर आफ्ना सांस्कृतिक

सामाजिक क्रियाकलापहरू र्ग्छन भन्न सकिन्छ । भाग्यमा विश्वास गर्ने कुरामात्र नभई 'जैसी धाबओ उइसी पाई' ले परिश्रम अनुसारको फल पाउने कुरा पनि यिनीहरू गर्छन् । रामरमिता, नाच गान, मोजमजाजस्ता विषयहरू पनि रानाथारू उखानका अध्ययका क्रममा भेटिन्छ । ढोल, झ्यालीको प्रयोग हरेक उत्सवमा गरिन्छ । 'दूरको ढोल सोहाए' ले गाँउघरमा पनि बाजासामाग्री बनाउने र टाढाटाढाबाट किनेर ल्याउने परिपाटीको संकेत गर्छ ।

कतिपय निरर्थक शब्दहरूको पनि यी उखानहरूमा प्रयोग भएको पाइन्छ । 'अणवणए सो खणवणए 'कुम्हाणियाँ,मलनियाँ जस्ता शब्दहरू तुकबन्दी मिलाउन आएका देखिन्छन् । यसले यही विषय भन्न गाह्रो हुने पनि हुन्छ । घरपरिवारमा बेलुका मात्र सबैको भेटघाट हुने र रमाइलो हुने अनि दिनभर अलगअलग काममा जाने भएकोले 'सबके मैंया साँझ' भनेर भन्छन् । समग्रमा हेर्दा प्रस्तुत उखानहरूले रानाथारू समाजका घरगोठ।गाउँसमाज, पेशा, व्यापार, व्यावसाय, मेलापात, खोलानाला, जीवजन्तु, चराचुरुगी, खेतीपाती, खानपान विषयलाई समेटेका छन् र कतिपय अन्य समाजका सांस्कृतिक पक्षलाई समेत समेटेको र त्यसबाट प्रभावित भएको तथ्य छर्लङ्ग हुन्छ ।

# परिच्छेद पाँच

# उपसंहार

रानाथारू भाषामा लोकसाहित्यिक प्राय : सबै विधाहरू रहेका छन् । नेपालको कैलाली र कञ्चनपुर तथा भारतको उत्तराखण्ड र उत्तर प्रदेशमा बसोबास भएका यिनीहरूले निकै ठूलो क्षेत्र ओगटेका छन् । यस भाषामा लोककथा, लोकगीत, लोकनाटक, लोकनृत्य, गाउँ खाने कथा, उखान, टुक्का आदि प्रशस्त मात्रामा छन् । सङ्कलनलाई विस्तृत र व्यापक बनाउँदै खोज अनुसन्धान कार्य तीव्र बनाउन सकेको खण्डमा यो भाषा भित्र हजारौँ उखानहरू प्राप्त गर्न सकिन्छ । बोलीचालीका सन्दर्भमा उखानहरू आँफै निस्किन्छन् । रानाथारूहरूका उखानमा पर्याप्त विषयवस्तु छन् । आफ्ना स्थानीयतामा आधारित कतिपय उखानका विषय वस्तु अन्यत्र पाइदैनन् । ती नितान्त मौलिक खालका छन् । कतिपय अन्यत्रका उखानहरूका विषयवस्तु यो भाषामा पाइदैनन् । प्राकृतिक वातावरण उनीहरूका पेशा, संस्कृति स्रोत बन्न पुगेका छन् । त्यस्तै माथिका स्रोतहरू संगका तादात्म्यता, विचार छटना र व्यवहार अझ भनौ जीवन भोगाइका अन्तरक्रिया नै रानाथारू उखानहरू हुन् । यस कुराको पुष्टि रानाथारू उखानको विषयगत वर्गीकरणले गरिसकेको छ ।

रानाथारू भाषा एउटा समृद्ध र जिउँदो जाग्दो भाषा हो यसले अन्य विकसित भाषाले झै आफूलाई सशक्त र जीवन्त भाषाका रुपमा उभ्याउन सफल छ भन्ने कुरा माथिका संकलित उखानहरूले पनि सिद्ध गरिएका छन् । यसले अनेकौ उखान टुक्काहरू जन्माएको छ । यस्तै गाउँखाने कथाहरू पनि प्रशस्त छन् । लोकगीत, लोककथा पनि आफ्नै परिवेशका छन् । यी सबै यसको शक्ति र सामार्थ्यका पहिचान हुन् । भाषाको सम्पन्नता त्यस भाषामा प्रचलित उखान टुक्कालाई हेरेर नियाल्न सकिन्छ । यसैले पर्याप्त अध्ययनको अभावमा अरु भाषाको तुलानामा पछाडि छ कि भन्ने शंकालाई यहाँ संकलित उखानहरूले नै मात्र पनि चुनौति दिएका छन् । सानो परिवेश र सीमित उद्देश्यका लागी तयार पारिएको यो शोधपत्रले सबै शंका निवारण गर्न नसके पनि यो भाषाभित्र पसेर अध्ययन गर्न प्रेरणा अवश्य दिने छ ।

रानाथारूका उखानहरूका विषयवस्तुसम्बन्धी अहिलेका वैज्ञानिक भविष्यवेत्ताहरू भन्दा यिनीहरूका अनुभव पुष्ट छन् जुन कुरा उखानको माध्यमबाट एक अर्कोमा जानकारी दिने काम यो समाजमा हुन्छ । पहिले पहिले र अहिलेको समाजमा प्राप्त सुविधाको

भिन्नताले कतिपय उखानको सान्दर्भिकता हराएजस्तो देखिए पनि लक्ष्यर्थमा उखानहरू अद्यापि सशक्त छन् । 'टुटीक बुटि नाए 'उखानले यसकुरा लार्य पुष्टि गरिदिएको छ ।

रानाथारूहरूको सरलता, सोझोपन र मिलनसारिता जस्ता स्वभावलाई उखानले प्रमाणित गरिदिएका छन् । यी उखानभित्र आधुनिकता झल्काउने विषयवस्तु र सहरिया जीवनका विषयवस्तु त्यति नपरेको देखिन्छ । आधुनिक कृषि उपकरणहरू विशाल महलहरू जटिल सामाजिक परिवेश एवं नयाँनयाँ उद्योग व्यवसाय उत्पादन जस्ता विषयवस्तु र आजको कृत्रिम संस्कृतिका विविध पक्षहरू त्यहाँ छैनन् । कुटिल र जाली तथा धोकापूर्ण विषयवस्तुहरू उखानमा पाइँदैनन् । यसबाट निश्कर्ष निकाल्न सकिन्छ कि अझै उनीहरू प्रकृतिमा नै रमाइरहेका छन् । प्रकृतिका विषयवस्तुसित घनिष्टतम सम्वन्ध राख्दै सरल र आफ्नै पाराको जीवनमा मग्न छन् । यसैको प्रमाण-साक्षी उखान बनेका छन् । संरचनामा लामा -छोटा तुकबन्दी मिलेका आलांकारिक शैलीका उखानहरू साँच्चै सुन्दर छन् । मौलिक मात्र नभइ अन्य भाषाबाट आएका(?) उखानहरूको प्रयोगबाट उखानप्रतिको सचेतता बढेको देखिन्छ, रानाथारूहरूमा । उखानलाई हेर्दा संस्कृत,नेपाली,हिन्दीका शब्द परिवर्तन वा सामान्य हेरफेर वा भावमा समानता रहने गरी थुप्रै उखानहरू हुनसक्छन् जुन कुरा रानाथारू भाषीहरूले सहज पचाएका छन् । यसबाट भाषारुपी सम्पत्तिको संरक्षण मौखिक परम्पराबाट नै भएपनि संरक्षणमा र सम्बर्ध्दनमा रानाथारू भाषीहरू जुटेका छन् भन्ने निश्कर्ष अध्ययनले देखाएको छ ।

अझै पनि रानाथारू भाषाका उखानहरूको सँगालो लिपिवद्ध रुपमा प्रकाशमा नआएबाट भाषाका र खास गरी लोकसाहित्यका अध्येताले यस भाषालाई अन्याय गरेको महशुस हुन्छ । जुनसुकै क्षेत्रका खोज अनुसन्धानकर्ता होउन ती सबैका लागि चाहिने विषयवस्तु रानाथारू उखानमा पाइन्छ । समाजशास्त्र, इतिहास, साहित्य, दर्शन,मानवशास्त्र,मनोवैज्ञानिक एवं संस्कृतिविद् सबैको लागि अध्ययन गर्न आवश्यक र उपयुक्त विषयवस्तु तथा सामग्रीहरू रानाथारू उखानमा अवश्य छन् र सबैलाई केही न केही खुराक दिन समर्थ छन् भन्ने निष्कर्षमा पुग्न सकिन्छ । सबै क्षेत्रबाट यस भाषाका उखान एवम् लोकसाहित्यका बारेमा व्यापक र वैज्ञानिक रुपबाट लाग्न आवश्यक छ ।

# सन्दभग्रन्थसूची


- गिरी, जीवेन्द्रदेव, लोकसाहित्यको अवलोकन, एकता प्रकाशन, काठमाडौँ, नेपाल, २०५७ ।
- पराजुली, कृष्णप्रसाद, नेपाली उखान र गाउँखाने कथा, रत्न पुस्तक भण्डार, २०३९ ।
- पौड्याल, शिवप्रसाद, नेपाली उखानको विषयात्मक अध्ययन, नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, कमलादी, काठमाडौँ, २०६० ।
- बन्धु, चुडामणि, नेपाली लोकसाहित्य, एकता बुक्स, थापाथली, काठमाडौँ, २०६६ ।
- यात्री, यज्ञराज : रानाथारू लोकसंस्कृति, मालामतीदेवी रानाथारू, धनगढी, २०६८ ।
- शर्मा, कमलराज : आधारभूत समाजशास्त्र तथा मानवशास्त्र, देवी शर्मा, पोखरा, २०५५ ।
- शर्मा, मोहनराज, शब्द रचना र वर्ण विन्यास, नवीन प्रकाशन, काठमाडौः (वाक्यखण्डसहित), २०४६ ।
- शर्मा, डा. मेदिनीप्रसाद, थारू जाति एक अध्ययन, पहिलो पूर्वाञ्चल साहित्यिक प्रतिष्ठान, विराटनगर, २०४४, दोस्रो संस्करण, साझा प्रकाशन, ललितपुर २०६४ ।
- शर्मा, जनकलाल : हाम्रो समाज एक अध्ययन, साझा प्रकाशन, ललितपुर, २०४९ ।

## पत्रपत्रिकाहरू

- कञ्चनपुर जिल्ला थारू जातिको सर्वेक्षण तथ्याङ्कीय प्रतिवेदन, शाखा तथ्याङ्क कार्यालय, कञ्चनापुर ।
- जिल्ला पार्श्वचित्र, जिल्ला विकास समिति, कञ्चनपुर, २०६५ ।
- राम राम रानाथारू भाषाको साहित्यिक पत्रिका, वर्ष १, अंक २, धनगढी, २०६० ।
- लखबारी, राना थारूभाषाको साहित्यिक पत्रिका, नेपाल निर्धन, सशक्तिकरण समाज, कैलाली, २०६२, वैशाख ।

**शोधग्रन्थहरू**


- पोखेल, एकनारायण : पुनर्वास क्षेत्र कञ्चनपुरका राना थारूहरूका ऐतिहासिक, सामाजिक, धार्मिक, सांस्कृतिक तथा आर्थिक चिनारी एक अध्ययन (अप्रकाशित शोधपत्र), त्रि.वि., पृथ्वीनारायण क्याम्पस, पोखरा, २०६२ ।
- कुमारी, सरोजा : नेपाली र भोजपुरी उखानको तुलनात्मक अध्ययन (अप्रकाशित शोधपत्र), मानविकी तथा समाजशास्त्र संकाय, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, २०६१ ।